# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ५३ | काठमाडौं | आइतबार, ०१ असार २०८२ | Prabhab National Daily | Sunday, June 15 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**योग्यता प्रणालीको सम्मान गरौं**

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौँ,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,
- योग्यता, स्वच्छता, निष्पक्षता (लोक सेवा आयोगको प्रतिबद्धता)

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## स्थिर सरकारका लागि निर्वाचन प्रणाली परिवर्तनमा जोड

### वर्तमान निर्वाचन प्रणाली पूर्णसमानुपातिक बन्न नसकेको, खर्चिलो र अस्थिर सरकारको कारण बनिरहेको टिप्पणी



निर्वाचन प्रणालीका दोष हुन् कि निर्वाचन आचारसंहितासँग गाँसिएका विषयहरु, यसलाई प्रयोग गर्ने राजनीतिक दलहरुको समस्या हो कि ? निर्वाचन पद्धति र प्रणालीबारे विवेचना हुन जरूरी छ ।

**■ देवराज घिमिरे**
सभामुख



स्थिर सरकारका साथै सबै वर्ग, क्षेत्र समूहको प्रतिनिधित्वका लागि पूर्णसमानुपातिक निर्वाचन प्रणाली उपयुक्त हुन्छ । निर्वाचन क्षेत्र बढी भएकाले यो प्रणाली अपनाउँदा दल, उम्मेदवार, आयोग र सरकारको निर्वाचन खर्च पनि घट्छ ।

**■ निलकण्ठ उप्रेती**
पूर्वप्रमुख आयुक्त, निर्वाचन आयोग

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकको निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने बहस पछिल्लो समय बढ्दै गएको छ । वर्तमान निर्वाचन प्रणालीले कुनै पनि दलको बहुमत नआउने हुँदा सरकार स्थिर हुन नसकेको भन्दै निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने बहस हुने गरेको छ । बहस समानुपातिक प्रणाली हटाउनुपर्ने र पूर्णसमानुपातिक बनाउनुपर्ने भन्ने दुवै पक्षबाट भइरहेका छन् ।

यहीबीच शनिबार एक कार्यक्रमका वक्ताहरूले पनि दुवै पक्षमा आफ्नो धारणा व्यक्त गरेका छन् । संविधानविद् वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीद्वारा लिखित 'नेपालमा निर्वाचन प्रणाली: तुलनात्मक अध्ययन' पुस्तक सार्वजनिक गर्न शनिबार यहाँ आयोजित कार्यक्रममा राजनीतिज्ञ र अधिवक्ताले वर्तमान अभ्यासमा रहेको निर्वाचन प्रणाली खर्चिलो, पूर्णसमानुपातिक बन्न नसकेको र अस्थिर सरकारको कारण बनिरहेको टिप्पणी गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख देवराज घिमिरेले शासकीय प्रणालीलाई प्रभावकारी र जनमुखी बनाउन देखापरेका चुनौतीहरूको समाधान गर्न निर्वाचन पद्धति र प्रणालीबारे गम्भीर विवेचना गर्नुपर्ने आवश्यकता औंल्याए । उनले शासन प्रणालीमा आएका समस्या तथा निर्वाचन प्रणालीका चुनौतीका विषयमा बृहत् छलफल गर्नुपर्ने समय आएको बताए ।

'निर्वाचन प्रणालीका दोष हुन् कि निर्वाचन आचारसंहितासँग गाँसिएका विषयहरू, यसलाई प्रयोग गर्ने राजनीतिक दलहरूको समस्या हो कि ?,' सभामुख घिमिरेले प्रश्न गर्दै भने, 'निर्वाचन पद्धति र प्रणालीबारे विवेचना हुन जरुरी छ । निर्वाचनलाई निष्पक्ष, पारदर्शी बनाउने, सबैको उचित सहभागिता बनाउने र त्यसबाट बनेका जनप्रतिनिधिले आफू शासन प्रणालीमा जाँदा स्थिर र परिणाममुखी ढंगबाट काम गर्ने विधि के हुन सक्छ, छलफल हुनुपर्छ ।'

⏭ क्रमशः पृष्ठ २ मा

**विद्यालय शिक्षा विधेयकमा शिक्षा मन्त्रालयको प्रस्ताव**

## एसइई प्रदेशबाट, इसिडी एकै वर्ष

- एसइई परीक्षालाई निरन्तरता दिने प्रस्ताव
- इसिडीलाई दुई वर्ष बनाउँदा दायित्व बढ्ने भन्दै एक वर्ष बनाउन प्रस्ताव
- विद्यालय शिक्षाको अधिकार स्थानीय तहमै रहने
- निजी विद्यालय शैक्षिक गुठी र कम्पनीमै स्थापना र सञ्चालन
- शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय प्रस्ताव



प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शनिबार बसेको बैठक । *तस्बिरः रासस*

**■ जेबी योञ्जन**

**काठमाडौं–** सरकारले माध्यमिक शिक्षा परीक्षा (एसइई)लाई प्रदेशबाटै सञ्चालन गर्ने प्रस्ताव गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयकबारे शनिबार भएको छलफलमा प्रदेशबाट एसइई परीक्षा सञ्चालन गर्ने प्रस्ताव गरेको हो ।

प्रस्तावमा भनिएको छ, 'कक्षा १० को अन्तिम परीक्षा (एसइई) प्रदेशस्तरमा हुने छ ।' मन्त्रालयले गरेको प्रस्तावमा परीक्षा बोर्डको समन्वय र सम्बन्धित शिक्षा कार्यालयको संयोजनमा एसइई परीक्षा सञ्चालन हुने जनाएको छ । मन्त्रालयले एसइईको औचित्य रहेको भन्दै कक्षा १० उत्तीर्णपछि विभिन्न शिक्षाका धारमा अध्ययन गर्न सक्ने भएकाले परीक्षा प्रणाली र मूल्यांकन मापदण्डमा एकरूपता कायम गर्न एसइई अपरिहार्य हरको निष्कर्ष निकालेको छ । तर, विद्यालय शिक्षाको मूल विधेयकमा एसइई समावेश थिएन । छविलाल विश्वकर्मा संयोजक रहेको उपसमितिको प्रतिवेदनमा पनि एसइई समावेश थिएन । तर, शनिबार शिक्षा समितिको बैठकमा शिक्षामन्त्री रघुजी पन्तले पेस गरेको प्रस्तावमा भने एसइईबारे उल्लेख छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### पूर्वशिक्षामन्त्री श्रेष्ठ असन्तुष्ट

शिक्षामन्त्री रघुजी पन्तले झण्डै दुई साता समय लगाएर शिक्षा मन्त्रालयले प्रस्ताव तयार गरेको बताए । नेपाल शिक्षक महासंघसँगको वार्ता र छलफलपछि २७ बुँदे साझा धारणा तय गरिएको उनको भनाइ छ । उनका अनुसार सोही साझा धारणाहरू शिक्षा समितिमा शनिबार पेस गरिएको हो ।

मन्त्री पन्तको भनाइ सुनेपछि पूर्वशिक्षामन्त्री रहेकी रास्वपा सांसद सुमना श्रेष्ठले शिक्षक महासंघसँगको समझदारीका आधारमा मन्त्रालयले धारणा प्रस्तुत गरेको भन्दै असन्तुष्टि प्रकट गरिन् । उनले गणतन्त्रमा जननिर्वाचित संसद्ले भन्दा पनि संघसंगठनले कानुन बनाउनु दुःखद् भएको बताइन् । 'अंग्रेजी उखान अनुसार कुकुरले पुच्छर हल्लाउने कि ?

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदी, युएई र बहराइनमा आजबाट 'मध्याह्न ब्रेक'



*एआईमार्फत तयार पारिएको प्रतीकात्मक तस्बिर*

- श्रमिकलाई अत्यधिक तापक्रमबाट जोगाउन 'मध्याह्न ब्रेक' लागू
- श्रमिकलाई प्रत्यक्ष घाममा र खुला ठाउँमा काम लगाउन नपाइने
- ओमान, कतार र कुवेतमा जुन १ तारिखबाटै यो नियम लागू
- नियम उल्लंघन गर्ने रोजगारदातालाई कानुनबमोजिम सजाय हुने

**■ ममता थापा**

**काठमाडौं–** साउदी अरब, संयुक्त अरब इमिरेट्स (युएई) र बहराइनमा यस वर्षको मध्याह्न ब्रेक आजबाट लागू हुँदै छ । पृथ्वीको तातो क्षेत्रमध्ये पर्ने यी देशमा ठूलो संख्यामा आप्रवासी श्रमिकहरू कार्यरत छन् । नेपालीहरूकोसमेत प्रमुख रोजगार गन्तव्यको रूपमा रहेका यी मुलुकहरूले श्रमिकलाई अत्यधिक तापबाट जोगाउन हरेक वर्ष यो नियम लागू गर्दै आएका छन् । आज जुन १५ बाट सुरु भएको ब्रेक तीन महिना अर्थात् सेप्टेम्बर १५ सम्म लागू हुने जनाइएको छ ।

बहराइनले विगतमा दुई महिनाका लागिमात्र दिँदै आएको यस्तो ब्रेक मन्त्रिपरिषद्को निर्णयबाट यसपालिबाट भने एक महिना थप गरेको छ । त्यहाँ यसअघि जुलाई १ देखि अगस्ट ३१ सम्ममात्र यस्तो ब्रेक दिइथ्यो । यो अवधिभर बहराइनमा श्रमिकले दिउँसोको १२:०० बजेदेखि ४:०० आराम गर्न पाउँछन् । साउदीमा दिउँसोको १२:०० देखि ३:०० बजेसम्म र युएईमा १२:३० देखि ३:०० बजेसम्म श्रमिकलाई प्रत्यक्ष घाममा र खुला ठाउँमा काम लगाउन नपाइने नियम छ ।

अन्य खाडी मुलुकहरू ओमान, कतार र कुवेतमा भने गत जुन १ तारिखबाटै यो नियम लागू भइसकेको छ । कुवेत र ओमानमा अगस्ट ३१ तारिखसम्म ब्रेक दिइन्छ भने कतारमा सेप्टेम्बर १५ सम्म मध्याह्न ब्रेक पाइन्छ । ओमानमा दिउँसोको साढे १२ बजेदेखि साढे तीन बजेसम्म, कतारमा बिहानको १० बजेदेखि साढे तीन बजेसम्म र कुवेतमा बिहानको ११ बजेदेखि दिउँसोको ३ बजेसम्म ब्रेक दिने नियम कार्यान्वयनमा छ ।

⏭ क्रमशः पृष्ठ २ मा





जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
नि:सन्तनपन सम्बन्धि उपचार

HARDIK IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमशः

## एसइई प्रदेशबाट...

यसबाहेक निजी विद्यालय शैक्षिक गुठी र कम्पनीमै स्थापना र सञ्चालन गर्ने अर्को प्रस्ताव मन्त्रालयको छ । 'यो ऐन प्रारम्भ भएपछि निजी लगानीको विद्यालय शैक्षिक गुठी र कम्पनीअन्तर्गत स्थापना र सञ्चालन हुने छ,' प्रस्तावमा छ ।

विद्यालय अनुमति खारेजको प्रावधान पनि मन्त्रालयले प्रस्ताव गरेको छ। प्रस्तावमा यो ऐन प्रारम्भ हुनुभन्दा अघि विद्यालयको स्थापना र सञ्चालन गर्न अनुमति प्राप्त गरेको भएता पनि ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा नआएका विद्यालय ऐन जारी भएपछिको पहिलो शैक्षिक सत्रबाट सञ्चालन नभए त्यस्तो अनुमति स्वतः खारेज हुने भनिएको छ ।

प्रारम्भिक बाल शिक्षा (इसिडी) एक वर्षको बनाउने प्रस्ताव मन्त्रालयको छ । समिति बैठकमा शिक्षामन्त्री पन्तले भने, 'इसिडीमा निकै अध्ययन भयो । अहिले एक वर्षको बालविकास राख्ने । भविष्यमा कति राख्ने छलफल गरौं । तर, शिक्षा नीतिले एक वर्ष भनेको छ ।'

इसिडीलाई दुई वर्ष बनाउँदा दायित्व बढ्ने मन्त्री पन्तको भनाइ छ। त्यही भएर एक वर्षलाई नै कायम गर्नेगरी प्रस्ताव गरिएको बताए । 'दुई वर्ष बनाउने कि तीन वर्ष बनाउने भनेर छलफल गर्न सकिन्छ । संसारका सबै मोडालिटीलाई अध्ययन गरौं । के मा जाँदा राम्रो हुन्छ ? तीन वर्षमा जान सक्छौं भने त्यसको आर्थिक दायित्व कसले कसरी बोक्ने हो ? दुई वर्षमा जाँदाखेरि के गर्न हो ? त्यो बारेमा र त्यसको एजुकेसनको मोडालिटी के हो ? बढाउने कुरा के हो ? र सबैभन्दा पहिला हामीले तोक्नुपर्‍यो,' मन्त्री पन्तले बैठकमा भने ।

उनले विधेयकमा प्रयुक्त शब्दावली सहयोगी कार्यकर्ताको सट्टा बाल विकास सहजकर्ता भन्ने शब्द राखिएको बताए । अन्य प्रावधान विधेयकबमोजिम नै हुने भनिएको छ। मन्त्रालयले शिक्षा विभाग र जिल्लामा शिक्षा कार्यालय राख्नुपर्ने प्रस्ताव गरेको छ। शिक्षाको राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न वा गराउन तथा विद्यालय शिक्षा सम्बन्धमा अन्य कार्य गर्न शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा विभाग रहने व्यवस्था मूल विधेयकमा छ । मन्त्रालयले पनि त्यही प्रस्ताव अघि सारेको छ । उपसमितिले तयार पारेको प्रतिवेदनमा भिन्न छ। उपसमितिले शिक्षा तथा मानव स्रोत विकास केन्द्र राख्ने प्रस्ताव गरेको थियो ।

विद्यालय शिक्षक सेवाको गठन, शिक्षकको सरुवा, शिक्षक दरबन्दी मिलान, शिक्षकको बढुवा, शिक्षकको कार्यसम्पादन मूल्यांकन, शिक्षकको विभागीय सजाय गर्ने अधिकारी र सजाय दिने प्रक्रिया, विद्यालय कर्मचारी रहने व्यवस्था, अध्यापन अनुमतिपत्रलगायतबारे समेत मन्त्रालयले धारणा प्रस्तुत गरेको छ ।

### विद्यालय शिक्षाको अधिकार स्थानीय तहमै रहने

शिक्षामन्त्री पन्तले विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा रहनेगरी कानुन तर्जुमा गरिने बताए । विद्यालय शिक्षा संघमा ल्याउने सरकारको कुनै योजना नरहेको उनले प्रस्ट पारे ।

'माध्यमिक तहसम्मको शिक्षा पालिका तहको अधिकार क्षेत्रभित्र पर्छ भन्नेमा हामी ढुक्क हुनुपर्छ। शिक्षक संगठनले उठाएका मर्यादासहितका कतिपय पक्षमा पालिका नेतृत्वले ध्यान पुर्‍याउने छ, एसइई परीक्षा सञ्चालनको अधिकार भने प्रदेशलाई दिन उपयुक्त हुने छ,' उनले भने ।

शिक्षा एकाइलाई तीन तहको समन्वयका साथ काम गर्ने संरचना बनाउन उपयुक्त हुने धारणा मन्त्री पन्तले व्यक्त गरे। 'स्थानीय तहमा तत्काल शिक्षक भर्ना र सरुवाको अधिकार चाहिन्छ भन्ने र शिक्षकहरूले आफ्नो वृत्तिविकासमा बाधा पुर्‍याउन पाइँदैन भन्ने विषय आएका छन्,' उनले भने। विद्यालय शिक्षा स्थानीय तहको क्षेत्राधिकार भए पनि उठाइएका प्रश्नका आधारमा व्यवस्थित बनाउन तथा तीनै तहका सरकारका बीच संयोजन गर्न शिक्षा एकाइ राख्ने सन्दर्भमा योजना बनाइएको उनले बताए ।

विद्यालय शिक्षा विधेयकका विषयसँग जोडिएर विगतमा भएका सहमति र उठाइएका मागलाई सम्बोधन गर्न हरसम्भव प्रयत्न भइरहेको मन्त्री पन्तले बताए ।

■■■

## पूर्वशिक्षामन्त्री...

पुच्छरले कुकुर हल्लाउने ? मेरो प्रश्न छ । हामीले विधेयक बनाउने कि संघ संगठनले बनाउने ? यो कानुन बनाउँदै नबनाउने हो भने यो गणतन्त्रको के काम ?,' श्रेष्ठले प्रश्न गरिन् । निजी र सामुदायिकका बीचमा जुन काम हुनुपर्ने हो त्यो पनि नभएको उनको भनाइ थियो ।

■■■

## स्थिर सरकारका...

उनले कार्यान्वयन गर्ने तहमा इमान्दारिताको समस्या वा प्रणालीमा समस्या केहो भन्नेमा बहस हुनुपर्ने आवश्यकता औंल्याए। सरकारले स्थायित्व प्राप्त गर्न नसक्ने, संघीय संसद्को प्रभावकारी भूमिका निर्वाह र सरकारलाई निर्दिष्ट गर्न आइरहेका समस्या व्यवहार वा नीतिगत के हुन् भन्नेबारे छलफलका लागि सभामुख घिमिरेले बुद्धिजीवी सबैलाई आह्वान गरे । 'आचार विचार र पद्धतिका समस्या हुन् कि संविधानको व्यवस्था वा निर्वाचन प्रणालीको समस्या हो, त्यसमा गहिरो विवेचना गर्न जरुरी छ,' उनले भने ।

पुस्तकमाथि टिप्पणी गर्दै निर्वाचन आयोगका पूर्वप्रमुख आयुक्त निलकण्ठ उप्रेतीले स्थिर सरकारका साथै सबै वर्ग, क्षेत्र समूहको प्रतिनिधित्वका लागि पूर्णसमानुपातिक निर्वाचन प्रणाली उपयुक्त हुने सुझाव दिए । निर्वाचन क्षेत्र बढी भएकाले पूर्णसमानुपातिक निर्वाचन प्रणाली अपनाउँदा दल, उम्मेदवार, आयोग र सरकारको निर्वाचन खर्च घट्ने उनको भनाइ छ । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले निर्वाचन प्रणाली परिवर्तन गरी कम खर्चिलो बनाउनुपर्ने धारणा व्यक्त गरे। राजनीतिक दल र उम्मेदवारका लागि अहिलेको निर्वाचन प्रणाली खर्चिलो भएको भन्दै उनले सबै वर्गले चुनाव लड्न सक्नेगरी नयाँ प्रणाली अवलम्बन गर्नुपर्ने बताए ।

स्थिर सरकारका लागि राजनीतिक दल र नेतृत्वको मानसिकतामा निर्भर हुने यादवको बुझाइ छ । 'वि.सं. २००७ यताका अस्थिरताका कारण राजनीतिक प्रणालीमात्र नभई नेतृत्वको मानसिकतामा पनि भर पर्छ,' उनले भने, 'अहिलेको निर्वाचन प्रणालीलाई बदल्नुपर्छ । प्रधानमन्त्री र संसद् प्रत्यक्ष निर्वाचन प्रणालीबाट आउनुपर्छ ।'

नेकपा माओवादी केन्द्रकी नेतृ एवं पूर्वमन्त्री रेखा शर्माले पूर्णसमानुपातिक निर्वाचन प्रणालीमा जोड दिँदै प्रत्यक्ष कार्यकारीको व्यवस्थाले अस्थिरताको अन्त्य हुने धारणा राखिन् । उनले सांसदलाई मन्त्री बनाउने व्यवस्थाले सांसदको भूमिका कानुन निर्माणमा केन्द्रित हुन नसकेको बताइन् ।

नेकपा एकीकृत समाजवादीका नेता एवं पूर्वमन्त्री प्रकाश ज्वालाले प्रत्यक्ष निर्वाचित कार्यकारी बनाउने नयाँ निर्वाचन प्रणाली ल्याउनुपर्ने सुझाव प्रस्तुत गरे । 'अहिलेको अनुभवका आधारमा निर्वाचन प्रणाली परिवर्तन गर्नैपर्छ । यसले स्थिरतासँगै गणतन्त्रको अनुभूति दिएन,' उनले भने, 'कार्यकारी प्रमुख आमजनताले भोट हालेर जिताउने प्रणालीमा जाऔं । राज्य, सरकारको प्रमुख शासक सम्पूर्ण जनताको स्वामित्वको हुनुपर्छ ।'

पूर्वमहान्यायाधिवक्ता डा. दिनमणि पोखरेलले राजनीतिक अस्थिरताको चुनौतीलाई समाधान गर्न कस्तो प्रकारको निर्वाचन प्रणाली उपयुक्त हुन्छ भन्नेमा बहस गर्नुपर्ने आवश्यकता औंल्याए । महान्यायाधिवक्ता रमेश बडालले अहिले अभ्यासमा रहेको मिश्रित निर्वाचन प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ सबै केन्द्रित हुनुपर्नेमा जोड दिए ।

'निर्वाचन प्रणालीलाई छिटोछिटो परिवर्तन गरेर अस्थिरताको खाडलमा जानुभन्दा अहिले अभ्यास भइरहेको प्रणालीभित्र अधिकतम हिसाबले बढीभन्दा बढी जनताको प्रतिनिधित्व कसरी गर्न सकिन्छ, त्यसमा ध्यान केन्द्रित गर्नुपर्छ,' उनले भने ।

वरिष्ठ अधिवक्ता मेघराज पोखरेलले कुनै विशेष निर्वाचन प्रणालीभन्दा पनि राजनीतिक दलको राष्ट्रिय सहमतिका आधारमा सरकारको स्थिरता र विकास निर्भर हुने विचार व्यक्त गरे । पुस्तकका लेखक वरिष्ठ अधिवक्ता डा. ज्ञवालीले ठूलो संख्यामा रहेको सानुपातिक सिटको व्यवस्था अन्त्य गर्दै प्रत्यक्षतर्फ समावेशी प्रतिनिधित्व हुनेगरी निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने बताए । पुस्तकको सार बताउँदै उनले संघीयता कार्यान्वयनमा दुईवटा आवधिक निर्वाचन सम्पन्न भइसकेको स्मरण गर्दै समावेशी समानुपातिक प्रतिनिधित्व प्रणालीको कार्यान्वयनमा सीमान्तकृत वर्गको प्रतिनिधित्व कम भएको र पहुँचवालाको प्रतिनिधित्व सुनिश्चित भएको धारणा राखे ।

पुस्तकको विषयवस्तुबारे जानकारी दिँदै उनले महिला, दलित, अपांगता भएका व्यक्ति, मधेसी, मुस्लिम, आदिवासी जनजाती, थारु, अल्पसंख्यकलगायत पीडित क्षेत्रका सिमान्तकृत वर्गलाई छुट्टै निर्वाचन क्षेत्र निर्धारण गर्नु अपरिहार्य देखिएको बताए । पुस्तक पैरवी बुक हाउस प्रालिले प्रकाशन गरेको हो ।

■■■

## साउदी, युएई...

निजी क्षेत्रमा कार्यरत श्रमिकको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राख्दै यो नियम कार्यान्वयन गरिएको यी मुलुकका मानव संसाधन मन्त्रालयले जनाएका छन् । अन्तर ाष्ट्रिय मापदण्ड र व्यावसायिक सुरक्षालाई मध्यनजर गर्दै अत्यधिक गर्मी हुने यस समयमा श्रमिकलाई चोटपटक र स्वास्थ्य समस्याबाट जोगाउन यो नियम कार्यान्वयन गरिएको उनीहरूको भनाइ छ ।

यी मुलुकहरूले सूचना जारी गर्दै नियमको उल्लंघन गर्ने रोजगारदातालाई कानुनबमोजिम सजाय हुने जनाएका छन् । बहराइनमा प्रावधानविपरीत श्रमिकलाई काम लगाउने रोजगारदातालाई तीन महिनाभन्दा बढीको जेल सजाय, पाँच हजारदेखि एक हजार बहराइन दिनारभन्दा बढी जरिवाना या दुवै सजाय दिइने प्रावधान छ ।

साउदीमा नियमको उल्लंघन गर्ने कम्पनीले एक लाख रियालभन्दा बढी जरिवाना तिर्नुपर्छ । त्यस्तै ३० दिनभन्दा बढी उक्त कम्पनी बन्द गर्न सकिने, या सदाका लागि कम्पनी बन्द गरिने, गल्ती दोहोर्‍याए जरिवाना दोब्बर बनाइने या श्रमिकको संख्याअनुसार जरिवाना बढाउने नियम छ । युएईमा प्रतिकामदार पाँच हजार दिराम जरिवाना र धेरै कामदारलाई काम लगाएको छ भने ५० हजार दिरामसम्म जरिवाना हुनसक्छ । उल्लंघन गर्ने प्रतिष्ठानको फाइल निलम्बन गरिने वा मन्त्रालयले अपनाएको वर्गीकरण प्रणालीबाट संस्थालाई 'डाउनग्रेड' गर्नसक्ने कानुनी प्रावधान छ ।

कतारमा नियमको उल्लंघन गर्ने कम्पनीलाई सरकारले अल्पकालीन या दीर्घकालीनरूपमा बन्द गर्नसक्छ। ओमानमा ५०० रियाल जरिवाना र गल्ती दोहोर्‍याए रोजगारदातालाई एक महिनासम्मको जेल सजाय हुने प्रावधान छ । कुवेतमा रोजगारदातालाई चेतावनी दिने, यसले नभए प्रतिश्रमिक १०० देखि २०० दिनारसम्म जरिवाना र तीन वर्षसम्म यस्तो कार्यको अन्त्य नगरे जरिवाना दोब्बर बनाइने नियम छ ।

मध्यपूर्वका यी मुलुकहरूमा नेपालसहित भारत, पाकिस्तानलगायतका एसियाली मुलुक र अफ्रिकी मुलका श्रमिकहरू बढी छन् । गत आर्थिक वर्षमा युएईमा एक लाख ९३ हजार ४३८, साउदीमा एक लाख ४१ हजार ५०२, कतारमा एक लाख ३४ हजार ६६९, कुवेतमा ४० हजार ३६८, ओमानमा पाँच हजार ९१० र बहराइनमा नौ हजार ८०६ जना नेपाली श्रमिक रोजगारीका लागि गएका थिए ।

यसरी लाखौंको संख्यामा गएका श्रमिकहरू अत्यधिक तापक्रमको जोखिममा पर्ने गरेको मानवअधिकारवादी संस्थाहरूले बताउँदै आएका छन् । हालैमात्र ह्युमन राइट्स वाचको एक अध्ययनले खाडी राष्ट्रहरूले आप्रवासी श्रमिकलाई अत्यधिक तापक्रममा पनि सुरक्षा सावधानीविनै काममा लगाएका पाइएको उल्लेख गर्दै उनीहरूको सुरक्षामा ध्यान दिन सम्बन्धित देशहरूलाई आग्रह गरेको थियो । साथै ती अध्ययनका क्रममा सहभागी साउदीमा कार्यरत श्रमिकले त्यस्तो गर्मीमा पनि आफ्नो कोठामा एसी, फ्रिजलगायतका आधारभूत व्यवस्था नहुँदा निकै कठिनाइ भएको बताएका थिए । अत्यधिक तापक्रमका कारण खाडी मुलुक गएका श्रमिकहरू मृत्युवरण गर्ने, मिर्गौला फेल हुने र अन्य दीर्घकालीन स्वास्थ्य समस्या लिएर फर्किने गरेका विभिन्न अध्ययनले देखाएका छन् ।


**माईग्रेसन हरायो**

मिति २०८२/०२/२३ गते लगनखेल देखि पाटन क्याम्पस सम्म आउँदा मेरो निम्न व्यहोरा भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय तथा मेरो निम्न मोबाईल नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : निराजन पोटे**
**दर्ता नं : ७७२४०४११०**
**सिम्बोल नं : २२४००३६५**
**सम्पर्क नं : ९८६९३३५०८०**


नाम्खा हिमपहिरोसम्बन्धी अध्ययन प्रतिवेदन

## फेरि बाढी आउन सक्ने सम्भावना कायमै



**काठमाडौं (प्रस)–** हुम्लाको नाम्खा हिमपहिरोसम्बन्धी अध्ययन गर्न गठित समितिले शुक्रबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई प्रतिवेदन बुझाएको छ ।

प्राधिकरणका सिनियर डिभिजनल इञ्जिनियर सुशीलकुमार श्रेष्ठ संयोजकत्वको गठित अध्ययन टोलीले सिंहदरबारमा प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टलाई आफ्नो प्रतिवेदन बुझाएको हो । उक्त अध्ययन टोलीमा खानी तथा भूगर्भ विभागका सिनियर डिभिजनल जिओलोजिस्ट शिवकुमार बाँस्कोटा र जल तथा मौसम विज्ञान विभागका हाइड्रोलोजिस्ट सौहाद्र जोशी सहभागी थिए ।

'आज हामीले अध्ययन प्रतिवेदन प्राधिकरणमा बुझाएका छौं, त्यहाँ माथिको तालको हिउँ पग्लिएर तलबाट चुहिएर पानी निस्किएको पाइएको छ, ताल छेउमा एउटा ढिस्को पनि छ, उक्त ढिस्कोको दबाब पर्न गएपछि पानी निस्किएको हो,' श्रेष्ठले शुक्रबार भने । उनले माथिबाट निस्किएको पानी भिरालो जमिन हुँदै बाहिरिँदा कटान हुँदै बाढीका रूपमा परिणत भएको बताए ।

सो क्षेत्रको कतिपय ठाउँ चर्किएको र ढुंगा खस्ने अवस्थामा रहेकाले वर्षा हुँदा फेरि बाढी आउन सक्ने सम्भावना कायम रहेको अध्ययन टोलीले निष्कर्ष निकालेको छ । टोलीले हिमतालमा पुगेर अध्ययन गरेको थियो । त्यहाँ तीन वटा ताल भए पनि दुई वटाको मात्रै पानी निस्किएको पाइएको टोलीले जनाएको छ । यही जेठ १ गते राति हुम्लाको नाम्खा गाउँपालिकामा बाढी आएको थियो । जसका कारण त्यहाँको तिल गाउँ जोखिममा परेको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज सम्बन्धी ३५ दिने सूचना !**

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/03/01 गते

यस कार्यालयमा मिति २०७३/१२/२९ मा दर्ता भएको प्रा.लि.नं. १६६९०२ को **आकृति निर्माण सेवा प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/03/01**

**हेल्लो हेल्थ ल्याब्रोटरी**को मिति २०८२/०२/१२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हेल्लो हेल्थ इन्टरनेशनल (प्रा.लि नं २२५४१७)** कायम गर्ने गरी मिति २०८२/०२/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


आइतबार, ०१ असार, २०८२

| | |
|---|---|
| मेष | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृष | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| मिथुन | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| कर्कट | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| सिंह | सुखद समाचारले उत्साह जगाउनेछ । |
| कन्या | रोकिएका काम सम्पादन हुनेछ । |
| तुला | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृश्चिक | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| धनु | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| मकर | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| कुम्भ | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| मीन | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ असार , २०८२ (१५ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.५२ | १३७.१२ |
| युरो | १ को | १५६.०२ | १५६.७० |
| पाउन्ड स्टिर्लङ | १ को | १८४.१० | १८४.९१ |
| स्विस फ्रेन्क | १ को | १६५.९२ | १६६.६५ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८१ | ८९.२० |
| क्यानाडियन डलर | १ को | ९९.७५ | १००.१९ |
| सिङ्गापुर डलर | १ को | १०६.११ | १०६.५७ |
| जापानी येन | १० को | ९.४० | ९.४४ |
| चिनियाँ युआन | १ को | १८.९९ | १९.०८ |
| साउदी अरब रियाल | १ को | ३६.४० | ३६.५६ |
| कतारी रियाल | १ को | ३७.४६ | ३७.६३ |
| थाई भाट | ख १ को | ४.१८ | ४.२० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१७ | ३७.३४ |
| मलेसियन रिङेट | १ को | ३२.२२ | ३२.३६ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १४.२० | १४.२६ |
| डेनिस क्रोनर | १ को | २०.९२ | २१.०१ |
| हङकङ डलर | १ को | १७.३९ | १७.४७ |
| कुवेती दिनार | १ को | ४४५.७४ | ४४७.६९ |
| बहराइन दिनार | १ को | ३६२.०१ | ३६३.६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# प्रस्तावित न्यायाधीशको संसदीय सुनुवाइ प्रक्रिया सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** संघीय संसद्को संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतमा प्रस्तावित तीन न्यायाधीश र एकजना न्यायपरिषद् सदस्यको संसदीय सुनुवाइ प्रक्रिया सुरु गरेको छ।

समितिको शनिबारको बैठकले सर्वोच्च अदालतका प्रस्तावित न्यायाधीश वरिष्ठ अधिवक्ता मेघराज पोखरेल, उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेल र उच्च अदालत दिपालयका मुख्य न्यायाधीश शान्तिसिंह थापा तथा न्यायपरिषद्का प्रस्तावित सदस्य महेशकुमार नेपालको संसदीय सुनुवाइ प्रक्रिया सुरु गरेको हो।

समितिले उनीहरूका विषयमा कुनै उजुरी वा गुनासो भए १० दिनभित्र समितिमा पठाउन सार्वजनिक सूचना जारी गर्ने निर्णय गरेको सभापति ईश्वरी न्यौपानेले जानकारी दिए। 'संसदीय सुनवाइका लागि प्रस्तावित तीन न्यायाधीश र न्यायपरिषद् सदस्यका लागि पत्र आएको थियो, संसदीय सुनुवाइका अनुसार प्रक्रिया कुनै उजुरी भए १० दिनभित्र उपलब्ध गराउन सार्वजनिक सूचनामार्फत उजुरी आह्वान गर्ने निर्णय भएको छ,' उनले भने।

त्यस्ता उजुरी सोझै सचिवालय वा इमेलबाट पठाउन सकिने व्यवस्था रहेको सभापति न्यौपानेले बताए। उनका अनुसार त्यसपछि संसदीय सुनुवाइ समितिले प्राप्त उजुरीबारे उजुरीकर्तासँग पुस्ट्याइँका लागि जानकारी लिने र प्रस्तवित न्यायाधीशको संसदीय सुनुवाइ गर्ने छ।

त्यस क्रममा प्रस्तावित व्यक्तिले आफ्नो कार्ययोजना, सोच र अवधारणा प्रस्तुत गर्ने छन्। उनीहरूले प्रस्तुत गरेको अवधारणाबारे समितिले ठीक ठहऱ्याएमा नाम अनुमोदन हुने र नियुक्तिको बाटो खुल्ने छ।

न्यायपरिषद्ले सर्वोच्च अदालतमा रिक्त न्यायाधीशमा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी असार १० देखि रिक्त हुने न्यायपरिषद् सदस्य नियुक्तिका लागि नाम सिफारिस गरी संसदीय सुनुवाइका लागि संसद् सचिवालयलाई पत्र पठाएको थियो।

# देशविदेशमा नेपाली खाना प्रवर्द्धन गर्दै 'सेफ' कँडेल

**काठमाडौं–** जापानमा लामो समय 'सेफ' रहेका अन्तर्राष्ट्रिय सेफ घनश्याम कँडेल नेपाली खाना विश्वका विभिन्न मुलुकमा प्रवर्द्धनमा क्रियाशील छन्। उनी नेपाली खानाको विश्वव्यापी प्रवर्द्धन अभियानमा लागेका हुन्।

बागलुङको काठेखोला-६ का कँडेल कुनै समय जापानमा नेपाली परिकारको प्रवर्द्धनमा लागेका थिए। जापानको अनुभव अहिले विश्वका विभिन्न देशमा नेपाली खानाको प्रवर्द्धनमा उनी जुटिरहेका छन्। भारत, जापान, अमेरिका, क्यानडा तथा अन्य मुलुकको भ्रमण गरी नेपाली खानाको प्रचार अभियानमा सक्रिय छन्।

सेफ कँडेलले हालै पाककलासम्बन्धी विश्वस्तरीय पुस्तक 'टिमुर' प्रकाशन गरेका छन्। अर्का सेफ दुर्गा खड्कासँगको सहलेखनमा उनको भोजनलिपि 'कुकबुक' प्रकाशोन्मुख छ। उनले स्वदेश तथा विदेशमा गरी ४० भन्दा बढी रेस्टुराँमा सयौं सेफलाई आफ्नो ज्ञान तथा सीप सिकाएका छन्। उनी पुस्तक लेखन र कार्यक्रममार्फत हजारौंलाई पाककलाको ज्ञान बाँड्ने अभियानमा छन्।

सेफ कँडेल र खड्काको पाककलामा आधारित भोजनलिपि अभियानअन्तर्गत अहिले देशका विभिन्न जिल्लाबाट नेपाली खाना संकलन गरी व्यावसायिक प्रवर्द्धनमा जुटेका छन्। पाककलामा नाम कमाएका गोविन्द नरसिंह केसी, गणेश ढकाल, लक्ष्मणप्रसाद भण्डारी, शिवहरि घिमिरे र नयाँपुस्ताका पूर्ण श्रेष्ठ, अजुवी चाम्लिङ, इङ्वा सुब्बालगायत विभिन्न सेफहरूसँगको अनुभव आदानप्रदानले पनि भोजनलिपि स्वाद कार्यक्रमलाई थप प्रभावकारी बनाएको छ। उनीहरूसँगको सहकार्यले नेपाली खाना प्रवर्द्धन अभियानले छोटो समयमै राष्ट्रिय तथा अन्तर ाष्ट्रियरूपमा ख्याति कमाएको छ।

विगत १८ वर्षको दौरानमा जापानमै मात्र आधा दर्जनभन्दा बढी रेस्टुराँ सञ्चालन गरी यस क्षेत्रको उच्च अनुभव उनले सँगालेका छन्। जापानिज, इण्डियन, थाइ र नेपाली परिकारलाई फ्युजन गरी परम्परागत परिकारलाई आधुनिक शैलीमा नवीन एवं सिर्जनात्मक ढंगले प्रस्तुत गर्दै तिनीहरूको मौलिकता कायम राख्न पनि उनी खप्पिस छन्।

### भोजन लिपि स्वादको चौथो संस्करण असार १५ गते

अन्तर्राष्ट्रिय सेफ कँडेल र दुर्गा खड्काको पाककलामा आधारित भोजनलिपि स्वादको चौथो संस्करण आगामी असार १५ गते काठमाडौंमा हुने भएको छ। राष्ट्रिय धान दिवसको अवसर पारेर कार्यक्रम गर्न लागिएको नेपाली खाना प्रवर्द्धनमा सक्रिय अभियानले जनाएको छ। कार्यक्रम धान-चामल र दुग्धजन्य पदार्थका परिकारको प्रवर्द्धनमा आधारित रहने अभियानका संयोजक देवीप्रसाद सापकोटाले जानकारी दिएका छन्। चौथो संस्करणमा मोही, मह, गाईको घिउ, तोरीको तेल, नेपाली कफीलगायत मौसमी कृषिउपजको पनि प्रवर्द्धन गरिने छ।

अभियानले यसअघि यही जेठ १८ गते काठमाडौंमा तेस्रो संस्करण सम्पन्न गरिसकेको छ। नेपाली सांगीतिक धुनसहित प्रस्तुत संस्करणमा खानाका विभिन्न २५ परिकार राखिएको थियो। भोजनलिपि स्वादमा अधिकांश नेपाली कृषिउपजबाट बनेका परिकार राखिएका थिए। मोही, कोदो, मकै, फापर सिस्नु, कटहर, च्याउका परिकार राखिएको थियो। बेलको सर्वत, निगुरो, खुवा, पान-लड्डुबाट बनेका परिकार पाककलाका विशेष आकर्षण थिए।

भोजनलिपि स्वादका सर्जक कँडेल नेपाली खानालाई नेपाली संस्कृति र आध्यात्मिक पक्षसँग पनि जोडेर लैजान उपयुक्त हुने बताउँछन्। आजको संसारमा मानिसले स्वादका अतिरिक्त जीवन पनि खोजिरहेको उल्लेख गर्दै उनले नेपाली खानाले संसारलाई एउटा अमूल्य औषधिरूपी उपहार पनि दिनसक्ने विचार व्यक्त गरे।

नेपाली खाना प्रवर्द्धन अभियानको संयोजनमा हुँदै आएको भोजनलिपि स्वाद स्वदेश तथा विदेशमा गरी १०० भाग सञ्चालन गरिने अभियानका संयोजक सापकोटाले जानकारी दिए। नेपाली खानालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन यो अभियान थालिएको हो।

हालसम्म झापा, इलाम, पाँचथर, दोलखा, धनुषा, चितवन, नवलपरासी, कास्की म्याग्दी बागलुङ, रोल्पा, जुम्लालगायत ३५ जिल्लामा परिकार प्रस्तुत गरिसकिएको छ। काठमाडौंबाहिर सातै प्रदेशका राजधानीलगायत मुख्य सहरमा पनि अभियान चाँडै सुरु गरिने भएको छ। *रासस*

# विश्व 'वेलनेस' दिवस मनाइयो



**काठमाडौं (प्रस)–** नेपालमा स्पा र वेलनेसमार्फत पर्यटन प्रवर्द्धन गर्न विश्व 'वेलनेस' दिवस मनाइएको छ। स्पा संघ नेपालले विश्व वेलनेस दिवसका अवसरमा शनिबार काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेलदेखि नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपसम्म प्रभातफेरी आयोजना गरेको हो।

कार्यक्रममा बोर्डका उपाध्यक्ष कमल सापकोटाले मसाज, स्पा, थेरापी, वेलनेसमार्फत पर्यटन प्रवर्द्धनका लागि स्पा संघ नेपालले खेलेको भूमिका सराहनीय रहेको बताए। उपाध्यक्ष सापकोटाले वेलनेस मनोरञ्जनको साधन नभएर स्वास्थ्य र आर्थिक समृद्धिको आधार हुनसक्ने बताए। उनले नेपालको पर्यटन मौसममा निर्भर रहेकाले यसलाई वर्षभरि नै सञ्चालन गर्न वेलनेस पर्यटनको अवधारणालाई बोर्डले जोड दिएको बताए। पर्यटकको बसाइ अवधि बढाउन पनि वेलनेस पर्यटनबाट सहयोग पुग्ने उनको भनाइ थियो।

पाटा नेपालका अध्यक्ष खेमराज लकाइले विश्व स्वास्थ्य संगठनले अबको दशकको मुख्य समस्या मानसिक स्वास्थ्य रहने र त्यसबाट मुक्तिका लागि आरोग्य पर्यटनलाई जोड दिनुपर्ने बताए। स्पालाई मनोरञ्जनबाट पर्यटकीय सम्पदा मान्नु सराहनीय रहेको उनको भनाइ थियो।

स्पा संघ नेपालका अध्यक्ष सुरेश पुरीले व्यस्त र तनावपूर्ण जीवनलाई कम गर्नका लागि स्पा र वेलनेसको महत्त्वपूर्ण भूमिका रहेको बताए। सन् २०१२ मा पहिलोपटक टर्कीमा वेलनेस दिवस मनाउन सुरु गरे पनि नेपालमा भने दोस्रो वर्ष उक्त दिवस मनाइएको छ।

सो अवसरमा ठमेल पर्यटन परिषद्का महासचिव बद्री तिमिल्सिना, नेपाल होटल एसोसियसनका सदस्य अश्लेसा कार्कीलगायतले नेपाललाई वेलनेस पर्यटनको सम्भावनाबारे आ-आफ्नो धारणा राखे।

स्पा संघ नेपालका महासचिव अमृत थोकरले प्रत्येक वर्षको जुनको दोस्रो शनिबार विश्व वेलनेस दिवस मनाउँदै आइएको जानकारी दिए। हाल विश्वका १७० देशमा उक्त दिवस मनाउँदै आएको महासचिव थोकरले बताए।

# हाँडीगाउँमा बृहत् रक्तदान



**काठमाडौं (प्रस)–** अन्तर्राष्ट्रिय रक्तदाता दिवसको अवसरमा धन्वन्तरी युवा समूहको आयोजना र ओम अस्पतालको सहकार्यमा हाँडीगाउँमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ। 'रक्तदान जीवनदान, जीवनदान महादान' भन्ने नाराका साथ शनिबार सामाजिक उत्तरदायित्व र मानव सेवाको भावनालाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा स्थानीय, युवा, सामाजिक अभियन्ता, स्वास्थ्यकर्मी तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको धन्वन्तरी युवा समूहका संरक्षक एवं वरिष्ठ अधिवक्ता उद्धव केसीले जानकारी दिए।

रक्तदानजस्तो मानवीय कार्यमा सबैलाई सक्रिय सहभागिताको आह्वान गर्दै यस्ता अभियानले जनचेतना र जीवन रक्षा दुवैमा महत्त्वपूर्ण भूमिका खेल्ने समूहका सहसचिव धर्मराज खड्काले विश्वास व्यक्त गरे।

रक्तदान कार्यक्रमले समाजमा सकारात्मक सन्देश फैलाएको समूहका अध्यक्ष धर्मनारायण श्रेष्ठले बताए।

# मानव बेचबिखनविरुद्ध सार्वजनिक सुनुवाइ

**काठमाडौं (प्रस)–** माइती नेपालले आन्तरिक मानव बेचबिखनविरुद्ध सामुदायिक प्रयास सुदृढ गर्न शनिबार यहाँ सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ।

आन्तरिक मानव बेचबिखन, यौन शोषण, श्रम शोषण र लागुऔषध दुर्व्यसनविरुद्धको सामूहिक प्रयासलाई बलियो बनाउने उद्देश्यका साथ आयोजित कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, युवा समूह, महिला संगठन, सुरक्षा निकाय तथा स्थानीय सरकारका सरोकारवाला निकायको उपस्थिति थियो।

कार्यक्रममा माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले सार्वजनिक सुनुवाइ तथा स्थानीय निकाय, प्रहरी, नागरिक समाज र सरोकारवालाको बीचको सहकार्यद्वारा ठूला परिवर्तन सम्भव रहेको बताइन्। यसले बेचबिखन र हिंसाको जोखिम घटाउन सहयोग पुऱ्याउने उनको भनाइ थियो।

साथै उनले छोरीहरू, विशेषगरी नाबालिगहरूलाई शोषणजन्य अवस्थाबाट तत्काल उद्धार गर्नुपर्ने आवश्यकतामा जोड दिँदै, रोकथाममा शिक्षा र सचेतनाको महत्त्वपूर्ण भूमिकामार्फत युवाहरूको सचेतना र सक्रियताले समाजलाई मानव बेचबिखनरहित बनाउन सकिने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा विशेषगरी मनोरञ्जन क्षेत्रमा महिला र किशोरीका लागि सुरक्षित र मर्यादित वातावरण निर्माणमा समुदाय तथा सम्बन्धित निकायको महत्त्वपूर्ण भूमिका रहेकामा जोड दिइएको थियो। नेपाल प्रहरीका अधिकारी र स्थानीय सरकारका प्रतिनिधिहरूले आपसी समन्वय अभिवृद्धि गरी एकीकृत रूपमा आन्तरिक मानव बेचबिखनविरुद्ध डटेर लड्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रमले विभिन्न सरोकारवाला निकायबीचको समन्वय र रोकथामका लागि एकीकृत रणनीतिका लागि विशेष जोड दिएको थियो। सुनुवाइका क्रममा सहभागीले आफ्ना अनुभवहरू बाँड्दै, खुला छलफलमा संलग्न हुँदै सतर्कता तथा अनुगमन प्रणालीलाई सुदृढ गर्न सुझाव दिएका थिए। सरोकारवालाहरूले आन्तरिक मानव बेचबिखन न्यूनीकरणको दिगो समाधान खोज्नुपर्ने आवश्यकतामा जोड दिँदै बढ्दो चुनौतीलाई सम्बोधन गर्न आपसी सहकार्य गर्न आफ्नो दृढ प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा उठाइएका सुझाव र चिन्तालाई स्थानीय सरकार र माइती नेपालले आगामी योजनामा समावेश गर्ने प्रतिबद्धता जनाएका छन्।

कार्यक्रममा नाबालिगको बढ्दो शोषण तथा होटल, स्पा, क्याबिन रेस्टुरेन्ट, डान्स बारलगायतका मनोरञ्जनस्थल तथा वयष्क मनोरञ्जन क्षेत्रमा बढ्दो आपराधिक गतिविधिप्रति गम्भीर चासो उठाउँदै समाधान खोज्ने प्रयास गरिएको थियो।


**Pakahamainpur Rural Muncipality**
**Office of the Muncipal Executive**
Pakahamainpur, Parsa

**Intention for Award of Contract**

***Date of Publication: 15th june2025***

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on Prabhab Daily Newspaper on 13th May 2025. Pakaha Mainpur Rural Municipality intends to award the contract to the same

| S. N. | Name of Contract /Contract No. | Name of successful bidder | Total Bid Price (including of VAT and PS (NRs.) |
|---|---|---|---|
| 1 | Construction of administrative building in Pakahamainpur Rural Muncipality, ward no:-03, Parsa / Contract no . 02/PMRM/PAR/W/2081/082 | Dabang Construction, Jagarnathpur-06, Parsa | 3,704,116.71 |

**Chief Administrative Officer**



**Government of Nepal (GoN)**
**Likhu Tamakoshi Rural Municipality**
**Dhobi Bazar, Ramechhap.**

**Letter of Intent(LOI)**

**Date of publication: 15-06-2025**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidder's that, we are going to award following contracts to the following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification crirerion.

| S.N | Contract Identification No | Name of Project | Bid Amount, Excluding VAT & PS (Nrs) | Substantially Responsive Lowest Evaluated Bidders |
|---|---|---|---|---|
| 1 | LTRM/NCB/ WORKS/ 20/2081/082 | Dhobi Bajar Dekhi 15 Bed Hospital Samma Sadak Kalopatrey | 24,558,109.17 | Prajil Construction Pvt.Ltd |

**Chief Administrative Officer**
Likhu Tamakoshi Rural Municipality



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रार कार्यालयको कार्यालय**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६६-०९-१६ मा दर्ता भएको **जेनस दू मन्द ल्याङ्वेज इन्स्टिच्युट प्राइभेट लिमिटेड (प्रा.लि.नं. ६९०९७)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र **हक दावी** गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**रमेशसिंह भण्डारी**
**(सहायक रजिष्ट्रार)**



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना !**

**तेस्रो पटक प्रकाशति मिति २०८२/03/01 गते**

**सगरमाथा मल्टिपल कलेज**को मिति २०८२/०१/२३ को सम्पन्न साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तिन गरी **श्री सगरमाथा कलेज (प्रा.लि.नं. ९५३६२, प्यान नम्बर : ३०२०९९५४६)** कायम गर्ने गरी मिति २०८२/०२/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**श्री विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय**
**तोपखाना, काठमाडौं**

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०३/०१ गते**
**सूचना नं.NA/EME/०८१/८२/०१**

यस जंगी परिसर र त्रिचन्द्र सैनिक अस्पताल परिसरमा **विद्युतीय संरचनाको स्तरोन्नति तथा निर्माण (अण्डर ग्राउण्ड ११ KVA Feeder Line) जडान कार्य** सम्पन्न गर्न Sub Distribution Box बाट Service Cable युनिटहरूसँग पुऱ्याउन) कार्य गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। ईच्छुक योग्य दरभाउपत्रदाताहरूले सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि रु.१,०००।०० फिर्ता नहुने गरी मिति २०८२/०३/१६ गतेको १२:०० बजेभित्र e–GP System को माध्यमबाट दर्ता गराउन सिलबन्दी दरपाउपत्रको यो सूचना प्रकाशित गरिएको छ।

*(नोट : थप जानकारीको लागि टेलिफोन नं.१-४२५११३५)*

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सहमतिमा सामसुम नबनाइयोस् 'भिजिट भिसा' प्रकरण

भिजिट भिसामा विदेश पठाउने कार्य 'सेटिङ'मा चल्ने गरेका घटना नयाँ होइन । पटक–पटक यो विषय चर्चामा आउने गरेको छ । सरकारले यस्तो सेटिङ रोक्न नसकेको भन्दै आलोचना हुँदै आएको छ । पछिल्लो घटनाले त गृहमन्त्रीलाई नै यो प्रकरणमा तानेको छ । जसकारण मुलुकको राजनीति गृहमन्त्रीकै विषयमा तातिन पुग्यो । विशेषगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अध्यागमन विभाग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका तत्कालीन प्रमुख तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएपछि प्रतिपक्षी दलहरूले गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै लगातार संसद् अवरुद्ध गरिरहे ।

आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नमात्र संसद् बैठक सञ्चालन गर्न दिएका प्रतिपक्षी दलहरूको अडान गृहमन्त्रीको राजीनामा र संसदीय छानबिन समिति गठनको माग थियो । प्रमुख प्रतिपक्षी नेकपा माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत दलले संयुक्त रूपमा यो माग उठाएका थिए । तर, सत्तारुढ दलहरू यसमा तयार भएनन् । अन्ततः माओवादी केन्द्र दुई बुँदे सहमति गर्दै संसद् सञ्चालन गर्न दिनेगरी लचक बन्यो । रास्वपा भने आफ्नो अडानमा कायमै छ । शुक्रबार माओवादी पछि हटेपछि संसद् चल्यो तर रास्वपाको नाराबाजी भने जारी रह्यो । नाराबाजीकै बीच सभामुखले बैठक सञ्चालन गरे ।

संसद्बाटै जवाफ दिने गृहमन्त्रीको चाहना पनि शुक्रबार पूरा भयो । आफूमाथिको आरोप निराधार रहेको भन्दै उनले आक्रोश पोखे । विगतमा अख्तियारले गरेका अनुसन्धानहरूको तथ्यांक प्रस्तुत गरे । त्यसरी अनुसन्धान हुँदा कति जना मन्त्रीले राजीनामा दिए ? भन्दै प्रतिपक्षी दलसमक्ष प्रश्न उल्टै उठाए । उक्त कार्यमा मेरो कुनै संलग्नता नरहेको दाबी प्रस्तुत गरे । त्यति बोलेपछि पक्कै पनि उनले राहतको महसुस गरे, किनभने संसद्बाट जवाफ दिने प्रयास यसअघि लगातार असफल बन्दै आएको थियो ।

यहाँ दलहरूले आ–आफ्नो अनुकूलतामा यो प्रकरणलाई लिइरहेका दखिन्छ । मूल समस्या समाधानमा साँच्चै दलहरू कहिले जिम्मेवार बन्ने ? भिजिट भिसाका नाममा हुने सेटिङमा उच्च तहकै संलग्नता नहोला भन्न सकिन्न । किनभने उच्च तहको संरक्षणविना यो यति धेरै अनियन्त्रित बन्ने थिएन । ठूलो आर्थिक चलखेलमा हुने यस्तो सेटिङ प्रकरणमा जोसुकै संलग्न होस्, कारबाहीको दायरमा ल्याइनुपर्छ । यस्ता गैरकानुनी धन्दा नियन्त्रण गर्न सरकारले कडा नीति अपनाउनु जरुरी छ । दलहरूले पनि संवेदनशील भई राष्ट्रको हितका लागि यस्ता गतिविधि नियन्त्रणका लागि सरकारलाई दबाब सिर्जना गरोस् । यसमा दलीय स्वार्थ नराखियोस् । र, यो प्रकरण सहमतिमा सामसुम नबनाइयोस् ।

# थप घातक हुनसक्छ डेंगुको प्रकोप



■ डा. शेरबहादुर पुन

नेपालमा डेंगु पुष्टि भएको २० वर्ष पार गर्दैगर्दा भाइरसले आफूलाई थप आक्रामक र जटिल स्वरूपमा प्रस्तुत गर्दै आइरहेको देखिन्छ । काठमाडौंमा सन् २०१९ र २०२२ मा फैलिएको डेंगु प्रकोपहरूको बीचमा नै ठूलो भिन्नता देखिएको थियो । अर्थात् सन् २०१९ मा धेरै संक्रमितहरु देखिएको भएता पनि कडा वा जटिलताको तुलना गर्दा सन् २०२२ को कम देखिएको थियो । तर कोभिड–१९ को महामारी सकिएलगत्तै सन् २०२२ मा देखिएको डेंगु प्रकोप भने हालसम्मकै सबैभन्दा संक्रामक अनि कडा/जटिल थियो । यसबाट पनि नयाँ प्रकोपसँगै भाइरस थप संक्रामक र घातक हुने गरेको तथ्यांक देखिन्छ । यसो हो भने सन् २०२२ बाट हाल सन् २०२५ सम्म आइपुग्दा खासै ठूलो प्रकोप नदेखिएको अवस्थामा अबको कुनै पनि बेला डेंगु विगतको भन्दा थप संक्रामक (धेरै संक्रमित हुनसक्ने) अनि घातक (मृत्युदर बढ्नसक्ने) स्वरूपमा आउने सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

गत वर्ष एक परिचित युवा नाकबाट रगत बगेपछि उपचारका लागि अस्पताल आउनुभएको थियो । उहाँमा डेंगु संक्रमण पुष्टि भएको थियो । यो अवस्था भनेको कडा वा जटिल डेंगुको संकेत हो । यसलाई 'डेंगु वार्निङ' संकेतका रूपमा पनि लिइन्छ । गत वर्ष काठमाडौंमा डेंगुले खासै चर्चा नपाएको भएता पनि धेरै संक्रमितमा नाकबाट रगत बग्ने समस्या लिएर आउने गरेको चिकित्सकहरूको अनुभव छ । तर गत वर्ष धेरै मानिसहरू संक्रमित भएको अवस्थामा पनि आफ्ना नियमित दैनिकीलाई निरन्तरता दिएका देखिन्थे । यस्तो अवस्थालाई वार्निङ डेंगु भनेर नामकरण पनि गरिएको थियो ।

वार्निङ डेंगु हुँदा पनि अधिकांशले स्वास्थ्य परामर्शसमेत लिने गरेका थिएनन् । यसरी जटिल डेंगु हुनसक्ने प्रबल संकेतहरूमध्येको एक नाकबाट रगत बग्ने समस्या ह्वात्तै बढेको अवस्थालाई मध्यनजर गर्दा आगामी दिन जटिल डेंगु व्यापक बढ्न सक्ने प्रबल सम्भावनाको अनुमान सहजै गर्न सकिन्छ । यसर्थ, 'डेंगु वार्निङ' संकेतको पनि व्यापक प्रचार गर्नुपर्ने देखिन्छ ।

## 'डेंगु वार्निङ' का संकेतहरु कस्ता हुन्छन् ?

'डेंगु वार्निङ' का संकेतका बारेमा डेंगु निर्देशिकामा समावेश भएको भएता पनि सर्वसाधारणको जानकारी वा चासोमा भने खासै छैन/थिएन । हुन त 'डेंगु वार्निङ' का संकेतहरू विशेषतः उपचारमा संलग्न चिकित्सकहरूलाई उपचार गर्दा बढी उपयोगी हुने वा बिरामीको सम्भावित जोखिमको आकलन गर्न सहज हुने गर्दछ । संक्रमितले 'डेंगु वार्निङ'का केही संकेतहरू आफैंले पनि थाहा पाउन सक्दछन् । 'डेंगु वार्निङ'का संकेतमा निरन्तर बान्ता हुनु, पेट असाध्य दुख्नु, रक्तश्राप हुनु (नाक, गिजा, महिलाको योनीबाट रगत बग्नु) र अति आलस्य हुनुजस्ता लक्षणहरू पर्दछन् । यीबाहेक अस्पतालमा गरिने जाँच पडतालमा रगतको परीक्षण गर्दा प्लेटलेट्सको संख्या तीव्र गतिमा घट्नु/हेमाटोकृत बढ्नु, कलेजोको आकार बढ्नु/सुन्निनु अनि एक्स-रे वा भिडियो एक्स-रे (अल्ट्रासाउड) गर्दा छाती वा पेटमा पानी जमेको देखिनु 'डेंगु वार्निङ' का थप लक्षणहरू हुन् ।

माथि उल्लिखित 'डेंगु वार्निङ'का संकेतहरू देखिएमा तुरुन्त नजिकैको अस्पतालमा गएर परीक्षण गरेमा सम्भावित जटिलताबाट बच्न सकिन्छ । घरको परिवारमा एकजना डेंगु संक्रमित भई पुष्टि भएको अवस्थामा परिवारको अर्को सदस्यमा पनि उस्तै लक्षणहरू देखिए परीक्षण गर्ने प्रचलन देखिँदैन । सन् २०२२ मा काठमाडौंमा डेंगुको ठूलो महामारी हुँदा संक्रमितको तीनदेखि पाँच गुणा बढीले आफूमा डेंगुको लक्षण मिल्दो हुँदा पनि रगत परीक्षण गर्ने गरेको थिएन । यसको निश्चित एन्टिभाइरल औषधि नहुनु अनि दुखाइ कम गर्ने औषधिमात्र छ भन्ने मान्यताले पनि परीक्षण नगर्ने प्रचलन देखिन्छ । तर चिकित्सकको परामर्शअनुसार रगतको जाँच गर्न सके तीव्र गतिमा घट्दो प्लेटलेट्सको संख्यालगायत अरु संकेतको आधारमा चिकित्सकलाई बिरामीको उपचार गर्नमा सहज हुने गर्दछ ।

बिरामीमा जटिल डेंगु देखिने सम्भावना वा जोखिमलाई धेरै हदसम्म कम गर्न सकिने छ । माथि उल्लिखित संकेतहरूमध्ये नाकबाट रगत बग्ने समस्या काठमाडौंमा ह्वात्तै बढेकाले आगामी दिनहरूमा क्लासिकल डेंगुको लक्षणहरूको मात्र प्रचार नगरी 'डेंगु वार्निङ' का संकेतहरूको पनि व्यापक अनि सघन प्रचारको आवश्यकता रहेको देखिन्छ ।

## अबको प्रकोप थप घातक हुनसक्ला ?

नेपालमा डेंगु पुष्टि भएको २० वर्ष पार गरिसकेको छ । डेंगुको तथ्यांक केलाउने हो भने नेपालमा दुई/तीन वर्षको अन्तरालमा भाइरस थप घातक अनि आक्रामक हुँदै गइरहेको देखिन्छ । सन् २०२२ मा काठमाडौंमा देखिएको डेंगु प्रकोप नेपालको इतिहासमा नै सबैभन्दा बढी संक्रामक अनि घातक थियो । त्यस यता ठूलो प्रकोप देखिएको छैन । यसर्थ, पनि आगामी कुनै पनि समयमा डेंगुको प्रकोप देखिन सक्ने अनि त्यो थप घातक हुनसक्ने सम्भावना उच्च देखिन्छ । गत वर्ष 'डेंगु वार्निङ'का संकेतहरूमध्ये नाकबाट रगत बग्ने संक्रमित ह्वात्तै बढेको थियो । त्यस्तै अघिल्ला वर्षहरूमा पनि धेरै संक्रमित महिलाका यौनीबाट अत्यधिक रक्तश्रावको समस्या हुने गरेको चिकित्सकहरूको अनुभव छ ।

सन् २०१९ मा पहिलोपटक काठमाडौंले डेंगुको ठूलो प्रकोपको सामना गर्दा भने अधिकांश संक्रमितमा क्लासिकल डेंगुका लक्षणहरू जस्तैः टाउको दुख्ने, आँखाको गेडी दुख्ने, वाकवाक/बान्ता हुने, शरीरमा स-साना राता बिबिरा आउने, जोर्नी वा मांसपेशी दुख्ने र कतिपयमा पखालासमेत लाग्ने गरेको देखेको थियो । त्यस्तै मानिस संक्रमित पुष्टि हुनेबित्तिकै आत्तिने गरेको पनि देखिन्थ्यो । तर अहिले डेंगुप्रतिको दृष्टिकोणमा धेरै परिवर्तन भएको देखिन्छ । धेरै संक्रमितहरू 'डेंगु वार्निङ' को अवस्थामा देखिन्छ । अनि धेरै 'वाकिङ डेंगु'का संक्रमितहरू जटिल अवस्थाका बारेमा अनभिज्ञ देखिन्छन् । तसर्थ, केही वर्षयता 'डेंगु वार्निङ'का संकेतहरू बढ्दै जाँदा जटिल डेंगुको सम्भावना अनि मृत्युको सम्भावना वा जोखिम पनि बढेर गइरहेको देखिन्छ । भाइरसको फरक सेरोटाइपले त्यही व्यक्तिलाई पुनः संक्रमण गरे पनि जटिल डेंगु देखिनसक्ने विभिन्न अनुसन्धानहरूले देखाएका छन् ।

## डेंगु संक्रमित नै नहुन सम्भव छ ?

डेंगु संक्रमण नहुन लामखुट्टेको टोकाइबाट बच्नु एकमात्र उपाय हो भन्ने गरिन्छ । तर प्रश्न आउँछ 'के यो सम्भव छ ?' यो वास्तविकतामा असम्भव प्रायः देखिन्छ । यसर्थ, पनि होला हाल सम्बन्धित निकायको मुख्य लक्ष्य भनेको 'शून्य डेंगुको मृत्युदर' देखिन्छ । यसो हुनुमा डेंगु फैलाउने एडिस जातको लामखुट्टेको नियन्त्रण असम्भव प्रायः देखेर नै हो । यस्तो असम्भव देखिनुमा लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा देखिएको उदासीनता र दिनमा बढी लामखुट्टेको सक्रियता नै हो । उदाहरणका लागि, कुनै चिकित्सकले बिरामी जाँच गरिरहेको बेला लामखुट्टेले टोकेमा तत्काल लामखुट्टे खोज्ने/मर्ने अवस्था रहँदैन । त्यस्तै, विद्यार्थीले कक्षामा अध्ययन गरिरहेको बेला लामखुट्टेले टोकेमा पनि मार्न सक्ने अवस्था/सम्भावना हुँदैन । वा जो कोही आफ्नो काममा व्यस्त रहँदा लामखुट्टेले टोके तत्काल मार्नसक्ने सम्भावना नै हुँदैन । यी प्रतिनिधि उदाहरणहरूले पनि लामखुट्टे व्यापक फैलिए लामखुट्टेको टोकाइबाट बच्न असम्भव प्रायः नै देखिन्छ । डेंगु संक्रमित हुँदैमा सबैलाई जटिल अवस्था सिर्जना हुने त होइन तर 'डेंगु वार्निङ'का लक्षणहरू देखापरेमा भने जटिलताको सम्भावना बढ्ने हुँदा 'शून्य डेंगु मृत्युदर' को लक्ष्यमा सफलता पाउन पनि 'डेंगु वार्निङ'का लक्षणहरू मिडियाका विभिन्न मध्यमहरूबाट सघनरूपमा प्रचारप्रसार गर्न ढिला भइसकेको छ । लामखुट्टेको टोकाइबाट बच्न केही सामग्रीहरू बजारमा उपलब्ध भएका देखिन्छन् । तर दैनिक अनि नियमित प्रयोग गर्न सकेन भने लामखुट्टेको टोकाइबाट बच्ने सम्भावना क्षीण नै देखिन्छ ।

अन्त्यमा, नेपालमा डेंगु पुष्टि भएको २० वर्ष पार गर्दैगर्दा भाइरसले आफूलाई थप आक्रामक र जटिल स्वरूपमा प्रस्तुत गर्दै आइरहेको देखिन्छ । काठमाडौंमा सन् २०१९ र २०२२ मा फैलिएको डेंगु प्रकोपहरूको बीचमा नै ठूलो भिन्नता देखिएको थियो । अर्थात् सन् २०१९ मा धेरै संक्रमितहरू देखिएको भएता पनि कडा वा जटिलताको तुलना गर्दा सन् २०२२ को कम देखिएको थियो । तर कोभिड-१९ को महामारी सकिएलगत्तै सन् २०२२ मा देखिएको डेंगु प्रकोप भने हालसम्मकै सबैभन्दा संक्रामक अनि कडा/जटिल थियो । यसबाट पनि नयाँ प्रकोपसँगै भाइरस थप संक्रामक र घातक हुने गरेको तथ्यांक देखिन्छ । यसो हो भने सन् २०२२ बाट हाल सन् २०२५ सम्म आइपुग्दा खासै ठूलो प्रकोप नदेखिएको अवस्थामा अबको कुनै पनि बेला डेंगु विगतको भन्दा थप संक्रामक (धेरै संक्रमित हुनसक्ने) अनि घातक (मृत्युदर बढ्नसक्ने) स्वरूपमा आउने सक्ने सम्भावनालाई नकार्न सकिँदैन । *रासस*

*(लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटको संयोजक हुन्)*

श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

## के–के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

## योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

## नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# जनताप्रति उत्तरदायी हुनुपर्ने हामी दलप्रति उत्तरदायी भयौं



■ योगेश गौचन थकाली

संविधान कार्यान्वयनमा आएको एक दशक भइसकेको छ । तर, पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । संविधानअनुसार प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने हुन सकेको छैन । संविधानअनुसार प्रदेश र स्थानीय तहसम्म सम्बन्धित कानुन बन्न सकेको छैन । प्रहरी समायोजन, निजामती र शिक्षालगायत करिब ५२ वटा कानुन बनाउनुपर्ने अझै हुन सकेको छैन ।

जनताको सार्वभौम सदनमा जुन सोच राखेर आएको थिएँ, त्यो पूरा भएको जस्तो लागेको छैन । सदनमा जनप्रतिनिधिले जनताका विषयलाई राखिसकेपछि कम्तीमा संघीय लोकतान्त्रिक गणतान्त्रिक सरकारले सुन्छ र कार्यान्वयन गर्छ होला भन्ने थियो । तर, मलाई त्यस्तो लागेन । हामी जनताप्रति उत्तरदायी हुनुपर्नेमा तर दलप्रति उत्तरदायी भएका छौं । दलको ह्वीपअनुसार चलेका छौं भन्ने लाग्छ । दलको ह्वीपले सांसदको सामूहिक प्रतिबद्धतामा प्रभाव पारेको छ ।

मैले नकारात्मक कुरा गर्न खोजेको होइन । तर, नेताले सदनमा उठाएका जनताका सवालको विरलै कार्यान्वयन हुने गरेको पाएको छु । यसको अर्थ केही पनि भएको छैन भन्ने पनि होइन । तर, सरकारले जति गर्नुपर्ने हो, त्यति गर्न सकेको छैन ।

अहिले दुई प्रतिस्पर्धी ठूला दलको सरकार छ । यस प्रकारको गठबन्धन विरलै हुन्छ । यो सरकारलाई कार्यसम्पादनमा सजिलो छ । तर, यस्तो बेलामा पनि वर्तमान सरकारले सही ढंगबाट काम गर्न सकेको छैन । संविधानको पुनरावलोकन र संघीयता सवलीकरणका विषयमा सरकारको ध्यान जान सकेको छैन । राज्य सञ्चालनमा मुख्य गरी शीर्ष नेताहरूको केन्द्रिकृत मानसिकता हावी भएको जस्तो लाग्छ ।

हामीले संविधानमा उल्लिखित अधिकारको पूर्णरूपमा उपयोग गर्न नपाउँदै संविधान संशोधनको विषय आउनु हुँदैन थियो । यद्यपि हामी विकेन्द्रिकृत शासन प्रणालीमा छौं । अहिले तीन तहको सरकार छ । सोहीअनुरूप हामीले ती सरकारलाई अधिकार सम्पन्न बनाउन सकेका छैनौं । अभ्यास नै नगरी यसलाई संशोधन गर्नुपर्छ भन्ने पक्षमा म छैन । संविधानको अल्पायुमै संशोधान गर्नुपर्छ भन्नु उपयुक्त हुँदैन । निर्वाचन प्रणाली र शासकीयस्वरूपमा संशोधन गर्नुपर्ने हुनसक्छ, तर अझै संशोधन गर्नेबेला आएको छैन ।

सबैभन्दा पहिला हामीले सुनिश्चित गरेको संवैधानिक अधिकारको कार्यान्वयन भएको छ कि छैन भन्नेबारेमा हामीले समीक्षा गर्नुपर्छ । कानुनको कार्यान्वयन गर्ने क्रममा देखिएका कमिकमजोरीलाई सच्याउँदै जानुपर्छ । त्यसकारण पहिला भएका कानुनको कार्यान्वयन भए नभएकाबारे समीक्षा गर्नुपर्छ ।

संविधानले परिकल्पना गरेअनुसार प्रदेश र स्थानीय तहलाई पूर्णरूपमा अधिकार सम्पन्न बनाउनुपर्छ । कानुनअनुसार तल्लो तहका सरकारलाई अधिकार सम्पन्न बनाउनुपर्छ । यद्यपि, स्थानीय सरकारलाई केही अधिकार सम्पन्न बनाइएको छ । तर, प्रदेश र स्थानीय सरकारलाई स्रोत सम्पन्न बनाउनुपर्ने छ । हामीले संविधानमै प्रतिनिधिसभा र प्रदेशसभाले चाहेका खण्डमा सभा विघटन गर्न सक्छ । तर स्थानीय सरकारको हकमा त्यो हुँदैन । प्रदेश सरकारको हकमा हामीले जुन उद्देश्यअनुसार काम गर्नुपर्ने हो, त्यसअनुसार काम हुन सकेको छैन

अहिले दैनिक २२ सयको हाराहारीमा नेपालका युवायुवती देश छाडिरहेका तथ्यांक छ । यसैलाई आधार मान्ने हो भने नेपालका ७५३ स्थानीय तहमध्ये आठवटा पालिकाको जनसंख्या आठ हजारभन्दा कम छ । दैनिक दुई हजार २०० जनाले देश छोडेर जाने हो भने मनाङ जिल्ला दुई दिनमै रित्तिन्छ । मेरो मुस्ताङ जिल्ला सात दिनमा रित्तिन्छ । अबका नयाँ पुस्ताले देशमा सम्भावन नदेख्नु भनेको देशका लागि गम्भीर कुरा हो ।

यथास्थिति र परम्परागत ढंगले युवा पलायन रोकिने अवस्था छैन । अब सरकार र दलका नेताले भाषणमात्रै गरेर नहुने बेला आएको छ । काममै केन्द्रित हुनुपर्ने बेला आएको छ । युवा पलायन रोक्ने हो भने यथास्थितिलाई निरन्तरता दिनेभन्दा पनि सरकारले नयाँ ढंगले योजना बनाउनुपर्छ । सरकारको नीति तथा कार्यक्रम र बजेट पनि परम्परागत ढंगले ल्याएर हुँदैन । बजेट परिणाममुखी हुन सकेन भने रातो किताबमा कर्णप्रिय शब्द राखेरमात्रै हुँदैन । समग्रमा देशले आर्थिक वृद्धिलाई जोड दिनुपर्छ ।

अहिले कूल गार्हस्थ उत्पादनको तीन प्रतिशत निर्यात गरेर सरकारले बजेट ल्याएको छ । आगाामी २०८२/८३ मा छ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य राखिएको छ । तर, यथास्थितिवादी कार्यसम्पादनबाट यो लक्ष्य हासिल हुन्छ जस्तो मलाई लाग्दैन । हाम्रो दीर्घकालीन औसत साढे चार प्रतिशत हासिल गर्न कठिन भइरहेको छ । साढे छ प्रतिशत हासिल गर्ने कुरा असम्भव कुरा हो । त्यसकारण देशलाई आर्थिकरूपमा बलियो बनाउने हो भने देशलाई विश्वबजारसँग जोड्न सक्नुपर्छ । त्यहीअनुसारको जनशक्ति उत्पादन गर्नुपर्छ । विश्वको अर्थतन्त्रसँग जोडिने अर्थनीति बनाउनुपर्छ । त्यसका लागि एउटामात्रै उपाय भनेको युवाको क्षमता अभिवृद्धि गर्ने हो ।

परम्परावादी अहिलेको शिक्षा नीतिले शिक्षामा विकास हुन सक्दैन । हामीलाई रोजगारसँग जोड्ने शिक्षा नीति चाहिएको छ । विज्ञान, प्रविधि, इन्जिनियरिङका क्षेत्रमा हामीलाई जनशक्ति चाहिएको छ । सोहीअनुसारको शिक्षा प्रणालीको विकास गर्नुपर्छ । अहिलेको शिक्षा नीति भनेको परीक्षा पास गर्नेमै सीमित छ । यदि नेपालको शिक्षा प्रणालीलाई सुधार गर्ने हो भने शिक्षा प्रणालीमा क्रमभंगता गर्न सक्नुपर्छ ।

अब राजनीतिक दलहरू समयानुकूल परिवर्तन हुन सक्नुपर्छ । देश समृद्ध बनाउन दलहरूमा सुधार जरुरी छ । मुलुक बनाउन दलका नेताहरूले आफ्नो कार्यशैली र सोच परिवर्तन गर्न सक्नुपर्छ । अब पुरातन सोचले देश बन्दैन ।

देशमा केही पनि भएको छैन भन्ने होइन । हामीले केही पनि भएको छैन भन्नेभन्दा पनि केही भएको छ भन्ने सकारात्मक सोचका साथ अगाडि बढ्नुपर्छ । तर, अब युवाले खोजेको भनेको राजनीतिमुक्त शिक्षा क्षेत्र हो । किनभने हामीलाई क्षमता वृद्धिका लागि चाहिने मुख्य कुरा शिक्षा क्षेत्र नै हो । विश्वबजार प्रतिस्पर्धा गर्नसक्ने दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने छ । अझ मुख्य कुरा भनेको हामीले कृषि क्षेत्रमा ध्यान दिनुपर्छ । देश आत्मनिर्भर हुने भनेको कृषिबाट नै हो ।

*(प्रतिनिधिसभा सदस्य थकालीसँग राससले गरेको कुराकानीमा आधारित)*



**२१८ वर्ष पुरानो धर्मशाला**

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–१ मुक्तिनाथमा अवस्थित रानीपौवा धर्मशाला स्तरोन्नति गरिँदै । मुक्तिनाथ दर्शन गर्ने भक्तजनहरूको सुविधाका लागि तत्कालीन राजा रणबहादुर शाहकी माइली श्रीमती सुवर्णप्रभाले छ रोपनी १२ आना जग्गामा २१८ वर्ष पहिले यहाँ धर्मशाला निर्माण गरेको बताइन्छ । *तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# ‘ग्रेटर मुन्दुम‘ पदमार्गको विकासमा जुट्दै चार जिल्लाका ११ स्थानीय तह



**भोजपुर (प्रस)–** ...ग्रेटर मुन्दुम पदमार्ग’ विस्तार हुने भोजपुरसहित चार जिल्लाका ११ थानीय तहबीच समन्वयत्मक पर्यटन प्रवर्द्धन बैठक सम्पन्न भएको छ । यहाँका पदमार्ग विस्तार हुने स्थानीय तहका जनप्रतिधि, पर्यटन व्यवसायी, उद्यमी, होटल व्यवसायी र पदमार्गमा आधारित पर्यटन विकासका परियोजनाबीच समन्वत्मक बैठक गरिएको हो ।

बैठकमार्फत विस्तार भइरहेको पदमार्गलाई व्यवस्थितसँगै सांस्कृतिक सम्पदाको संरक्षण तथा जगेर्ना हुनेगरी काम गर्ने निर्णय गरिएको छ । हतुवागढी, रामप्रसादराई र आमचोक गाउँपालिकाको संयुक्त आयोजनामा घोडेटारमा भएको अन्तरपालिकाबीचको सरोकारवालाको बैठकमा सुनसरीको बराहक्षेत्र नगरपालिका, उदयपुरको वेलका नगरपालिका, खोटाङको साकेला गाउँपालिका र केपिलासगढी गाउँपालिकाको सहभागिता रहेको थियो ।

त्यस्तै भोजपुरको हतुवागढी गाउँपालिका, रामप्रसादराई गाउँपालिका, आमचोक गाउँपालिका, टेम्केमैयुङ गाउँपालिका, साल्पासिलिछो गाउँपालिका, भोजपुर नगरपालिका र षडानन्द नगरपालिका गरी ११ वटा स्थानीय तहको सहभागिता जनाएको हतुवागढी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिए ।

अन्तरपालिकाबीच भएको बैठकमार्फत पदमार्गको विकासका लागि साझा धाराणा लिएर अघि बढ्ने प्रतिबद्धता गरिएको हतुवागढी गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । पदमार्गले छोएका स्थानीय तहबीच गरिएको कार्यक्रमले पदमार्गको विकास तथा प्रवर्द्धनमा टेवा पुग्ने उनको भनाइ छ ।

‘ग्रेटर पदमार्गका विषयमा हतुवागढीमा समन्वयत्मक बैठक सम्पन्न गरेका छौं,’ अध्यक्ष राईले भने, ‘यो बैठकबाट पदमार्गको थप विकास लागि कसरी अघि बढ्ने भन्ने विषयमा बृहत्रूपमा छलफलसमेत गरिएको छ । अहिले सबै पालिकामा भइरहेको पदमार्ग निर्माणको कामको विषयमा छलफल गरेका छौं ।’

अन्तरपालिकाबीच भएको सरोकारवाला पक्षको बैठक उपलब्धिमूलक बनेको रामप्रसादराई गाउँपालिकाका अध्यक्ष थामबहादुर राईले बताए । बैठकबाट पदमार्गको कामलाई भावी दिनमा कसरी गुणात्मक ढंगले अघि बढाउने भन्ने विषयमा योजना तयार गरिएको उनको भनाइ छ ।

पदमार्ग विस्तार भइरहेका स्थानीय तहसँगै पर्यटनसँग सम्बद्ध पक्षबीचको कार्यक्रम भएकाले यसले दीर्घकालीन महत्त्वलाई समेटेको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए । पदमार्गलाई पर्यटनसँग जोडेर संस्कृतिको संरक्षणसँगै आर्थिक पक्षको विकासमा टेवा पुऱ्याउन गर्न सकिने थप कामको विषयमासमेत छलफल गरिएको अध्यक्ष बस्नेतको भनाइ छ । पदमार्गमा आधारित पर्यटन विकास परियोजनाले पदमार्गको समग्र विषयमा जानकारी दिएको छ । साथै दिगो र नवीनतम् पर्यटन विकासको अवधारणाको बारेमासमेत अवगत गराइएको छ ।

# गण्डकी प्रदेशमा बढ्दै साइबर अपराधका घटना

## अधिकांश पीडित फेसबुक र टिकटक प्रयोगकर्ता

■ डम्मर बुढामगर

**ढोरपाटन (बागलुङ)–** सूचना प्रविधिको विकास र इन्टरनेटको प्रयोग बढ्दै गएसँगै साइबर अपराधसम्बन्धी घटना पनि बढेको पाइएको छ । पछिल्लो चार वर्षमा गण्डकी प्रदेशमा मात्रै दुई हजार ९५१ उजुरी परेका छन् ।

यस अवधिमा सबैभन्दा बढी कास्की र सबैभन्दा कम मनाङमा उजुरी परेका छन् । कास्कीमा एक हजार ६८३ र मनाङमा तीन जनाले उजुरी दिएका छन् । प्रदेश प्रहरी कार्यालय गण्डकी प्रदेशका प्रहरी निरीक्षक प्रकाश पौडेलका अनुसार कास्कीमा आर्थिक वर्ष २०७८/७९ मा ११४ वटा, आव २०७९/८० मा २३२ वटा, आव २०८०/८१ मा ९३८ र चालु आवको वैशाख मसान्तसम्म ३९९ वटा उजुरी परेका छन् ।

नवलपुरमा आर्थिक वर्ष २०७८/७९ मा ३१ वटा, आव २०७९/८० मा ४४ वटा, आव २०८०/८१ मा २०२ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ३९९ वटा उजुरी परका छन् । तनहुँमा आर्थिक वर्ष २०७८/७९ मा १९ वटा, आव २०७९/८० मा ५२ वटा, आव २०८०/८१ मा १३७ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ४१ वटा उजुरी परेको प्रहरी निरीक्षक पौडेलले बताए ।

स्याङ्जामा आर्थिक वर्ष २०७८/७९ मा २४ वटा, आव २०७९/८० मा ३३ वटा, २०८०/८१ मा ७३ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २९ वटा उजुरी परेका छन् । बागलुङमा आर्थिक वर्ष २०७८/७९ मा नौ वटा, आव २०७९/८० मा नौ वटा, आव २०८०/८१ मा ३५ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २८ वटा उजुरी परेका प्रहरी निरीक्षक पौडेलले जानकारी दिए ।

गोरखामा आर्थिक वर्ष २०७८/७९ मा १९ वटा, २०७९/८० मा ११ वटा, आव २०८०/८१ मा ६४ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २४ वटा उजुरी परेका छन् । लमजुङमा आर्थिक वर्ष २०७८/७९ मा साइबर अपराधसम्बन्धी उजुरी परेको छैन । आर्थिक वर्ष २०७९/८० मा चारवटा, आव २०८०/८१ मा ७१ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २६ वटा उजुरी परेको पौडेलको भनाइ छ ।

पर्वतमा आर्थिक वर्ष २०७८/७९ मा १० वटा, आव २०७९/८० मा १७ वटा, आव २०८०/८१ मा ५२ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ११ वटा उजुरी परेका छन् । म्याग्दीमा आर्थिक वर्ष २०७८/७९ मा छ वटा, आव २०७९/८० मा छ वटा, आव २०८०/८१ मा ३६ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २४ वटा उजुरी परेका छन् ।

मनाङमा आर्थिक वर्ष २०७८/७९ मा साइबर अपराधसम्बन्धी उजुरी परेको छैन भने आव २०७९/८० मा एउटा, आव २०८०/८१ मा एउटा र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एउटा उजुरी परेको प्रहरी निरीक्षक पौडेलले जानकारी दिए ।

> प्रदेश प्रहरी कार्यालय गण्डकीको तथ्यांकलाई हेर्दा साइबर अपराधबाट सबैभन्दा बढी युवापुस्ता पीडित भएको देखिन्छ । विद्यालय र क्याम्पस पढ्ने उमेर समूहका विद्यार्थी र आफैं केही गर्नसक्ने युवा साइबर अपराधबाट पीडित बनेको पाइएको छ ।

प्रदेश प्रहरी कार्यालयमा २०७८/७९ मा दुई वटा, आव २०७९/८० मा तीन वटा, आव २०८०/८१ मा १३ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एउटा पनि उजुरी नपरेको उनको भनाइ छ ।

### सबैभन्दा बढी उजुरी गर्ने फेसबुक प्रयोगकर्ता

गण्डकी प्रदेशमा साइबर अपराधसम्बन्धी सबैभन्दा बढी उजुरी गर्ने फेसबुक प्रयोगकर्ता छन् भने कम उजुर गर्नेमा ह्वाट्सएप प्रयोगकर्ता छन् । चार वर्षमा दुई हजार ५४६ जना फेसबुक प्रयोगकर्ताले उजुरी दिएका छन् । उक्त अवधिमा उजुरी दिने ह्वाट्सएप प्रयोगकर्ता ७३ जना रहेको प्रहरी निरीक्षक पौडेलले जानकारी दिए । उनका अनुसार १७७ जना टिकटक, ८१ जना इन्स्टाग्राम ७३ जना अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताले उजुरी गरेका छन् ।

आर्थिक वर्ष २०७८/७९ मा १९० जना, आव २०७९/८० मा ३१३ जना, आव २०८०/८२ मा एक हजार ५४२ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ५०१ जना फेसबुक प्रयोगकर्ताले उजुरी दिएका छन् । त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा २५ जना, आव २०७९/८० मा ४९ जना, आव २०८०/८२ मा २९ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ७५ जना टिकटक प्रयोगकर्ताले उजुरी दिएका छन् । आर्थिक वर्ष २०७८/७९ मा छ जना, आव २०७९/८० मा ३८ जना, आव २०८०/८१ मा २० जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १७ जना इन्स्टाग्राम प्रयोगकर्ताले उजुरी दिएका छन् ।

आर्थिक वर्ष २०७८/०७९ मा चार जना, २०७९/८० मा नौ जना, आव २०८०/८२ मा २१ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १९ जना ह्वाट्सएप प्रयोगकर्ताले उजुरी दिएका छन् । चार वर्षमा ७३ जना अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताले उजुरी दिएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिए ।

प्रहरीले तयार गरेको तथ्यांकअनुसार सामाजिक सञ्जाल ह्याकसम्बन्धी बढी उजुरी परेका छन् । ह्याकसम्बन्धी एक हजार ८०६ जना, फेक आइडीसम्बन्धी ६७४ जना, ठगीसम्बन्धी ३४, गालीगलौजसम्बन्धी ११३ जना, अश्लील गतिविधिसम्बन्धी २०५ जना र अन्य साइबर अपराधसम्बन्धी ६८ जनाको उजुरी परेको छ । प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षमा परेका ६६६ उजुरीमध्ये ४३० वटा फर्स्योट भएका छन् । २३६ उजुरी भने प्रक्रियामा छन् ।

### सबैभन्दा बढी युवा पीडित

प्रदेश प्रहरी कार्यालय गण्डकीको तथ्यांकलाई हेर्दा साइबर अपराधबाट सबैभन्दा बढी युवापुस्ता पीडित भएको देखिन्छ । विद्यालय र क्याम्पस पढ्ने उमेर समूहका विद्यार्थी र आफैं केही गर्नसक्ने युवा साइबर अपराधबाट पीडित बनेको पाइएको छ । आर्थिक वर्ष २०७८/७९ देखि हालसम्म २६-३५ उमेर समूहका एक हजार ६१ जना पीडित भएका छन् ।

१६ वर्ष मुनिका ५८ जना, १६-२५ उमेर समूहका ८३६ जना पीडित भएका छन् । त्यस्तै, ३६-४५ उमेर समूहका ६२७ जना, ४६-६० उमेर समूहका २६९ जना, ६० वर्ष माथिका ५४ जना र अन्य उमेर समूहका ४६ जना पीडित बनेका छन् ।

### किन युवा पुस्ता बढी पीडित छन् ?

साइबर अपराधसम्बन्धी कानुनबारे सचेत नहुँदा घटनाहरू हुने गरेको अधिवक्ता राम शर्माले बताए । साइबर अपराध कम गर्नका लागि सामाजिक सञ्जाल प्रयोगकर्ता सचेत हुन जरुरी रहेको बताए । साइबर कानुन नेपालमा भएको हुँदा यसको कार्यान्वयन अलि प्रभावकारी हुन नसक्दा घटना हुने गरेको उनको भनाइ छ ।

अधिवक्ता शर्माले भने, ‘अहिले मर्यदाविपरीत तस्बिर र भिडियो पोस्ट गर्ने प्रचलनजस्तो भयो, यसले स्वयं व्यक्ति र समाजलाई पनि राम्रो गरेको छैन, हरेक नागरिक सचेत नभएसम्म यस्ता किसिमका अपराधका घटना कम गर्न गाह्रो हुन्छ ।’ चिनजानका आधारमा मोबाइल बैंकिङका पासवर्ड अरुलाई दिने र अपरिचित लिंक खोल्दा धेरैको फेसबुक ह्याक हुने गरेको शर्मा बताउँछन् ।

मुलुकी ऐन तथा अन्य ऐनका विभिन्न दफा लगाएर कानुनी कारबाही हुँदै आएकामा वि.सं. २०६३ बाट भने विद्युतीय कारोबार नियन्त्रणसम्बन्धी विशेष ऐन नै ल्याई हाल लागू भइरहेको उनले बताए । यस ऐनको दफा ४४ देखि दफा ५८ सम्म विभिन्न प्रकारका कसुर उल्लेख गरी सो प्रमाणित भएमा कानुनअनुसार ५० हजार रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना तथा छ महिनादेखि पाँच वर्षसम्मका जेल सजाय कसुर अपराधको मात्रा हेरी अदालतले तोक्नसक्ने कानुनी प्रावधान छ । *रासस*

# टरूवा ताल संरक्षणका लागि जलकुम्भी हटाइँदै



**त्रिवेणी (नवलपरासी)–** जलकुम्भीले ढाकेर नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीस्थित ऐतिहासिक टरुवा तालको अस्तित्व संकटमा परेसँगै यसलाई जोगाउन ताल सफाइ गर्न थालिएको छ । ताललाई जलकुम्भीसहित झारले ढपक्क ढाकेर अस्तित्व नै संकटमा पर्न थालेसँगै सफाइ कार्य सुरु गरिएको हो ।

पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको ताल कावासोती नगरपालिका-७ र ८ मा पर्दछ। कावासोती तालका रूपमासमेत चिनिने यस तालको क्षेत्रफल ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेशको अभिलेखअनुसार ३० हजार ७१३ वर्ग मिटर रहेको छ । ताललाई जलकुम्भीसहितका झारले ढाकेर हरियो चौरजस्तो देखिने अवस्थामा पुगेपछि कावासोती नगरपालिकाले यसको सफाइ थालेको हो ।

प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत तालको सफाइ काम सुरु गरिएको रोजगार शाखा कावासोतीकी रोजगार संयोजक प्रतीक्षा पौडेलले बताइन् । एक हप्तादेखि तालको सफाइको काम जारी रहेको उनले बताइन् । रोजगार सिर्जनासँगै तालको सफाइको काम हुने भएकाले जनशक्ति परिचालन गरिएको उनले बताइन् ।

नियमितरूपमा तालको सफाइको काम हुन नसकेको अवस्थामा अहिले रोजगार शाखाद्वारा जनशक्ति परिचालन गरी सफाइको काम थालिएको हो । दैनिकरूपमा करिब २५ जनाको हाराहारीमा जनशक्ति ताल सफाइमा जुटेका छन् । ‘बेरोजगारको सूचीमा नाम टिपाएकालाई केही दिन रोजगारमा जोड्नेगरी ताल सफाइमा जुटेका हौं, यसले ताललाई पुरानो अस्तित्वमा फर्काउन सहयोग पुग्ने विश्वास छ,’ कार्यक्रम संयोजक पौडेलले भनिन् ।

केही वर्ष अघिसम्म ताल सफा रहेको थियो । नियमित सफाइ नगर्दा ताललाई जलकुम्भी र झारले ढाक्दै गएको हो । टरुवा तालसँगै हरियाली वातावरण, नजिकै रहेको नर्मदेश्वर महादेव मन्दिर, ताल परिसरसँगै जोडिएको गुम्बा आफैंमा पर्यटकीय सम्भावना बोकेका क्षेत्र छन् । यसलाई जोडेर एकीकृतरूपमा विकास गर्न सके जिल्लाकै सुन्दर पर्यटकीय गन्तव्य बन्ने नवलपुर पर्यटन समितिका अध्यक्ष फन्सराम महतोले बताए । पूर्वपश्चिम राजमार्गबाट करिब एक किलोमिटरमा रहेको प्राकृतिकरूपमा सुन्दर ठाउँ भएकाले यसको संरक्षणमा थप काम गर्नुपर्ने अध्यक्ष महतोले बताए ।

हालको कावासोती बजार स्थापनामा टरुवा ताल जोडिन्छ । हालको बजार क्षेत्र मानिने कावासोती-२, ३, ८ मा तत्कालीन बस्ती विकासको समयमा खानेपानीको उपलब्धता नहुँदा टरुवा तालको पानीले स्थानीयले आवश्यकता परिपूर्ति गर्ने गर्दथे । सोही तालको मुहानबाट पानी ल्याएर यहाँका बासिन्दाले पिउने, गाईवस्तुलाई खुवाउनेदेखि घर निर्माण कार्यसमेतमा प्रयोग गर्ने गर्दथे । टरुवा ताल भएकै कारण पानीको उपलब्धता भएको र हालको कावासोती बजारको रूपमा विकास भएको भन्ने धारणा रहिआएको छ । यसकारण पनि ताललाई ऐतिहासिक टरुवा तालको संज्ञा दिने गरिएको छ । *रासस*

# प्रभाव दैनिक

आइतबार, ०१ असार, २०८२ (Sunday, June 15, 2025)


## रूपशाला

### एआइजी कार्कीले ल्याए 'गुन्यु चोली पटुकी'

पछिल्लो समय गीत लेखनमा समेत सक्रिय रहेका एआइजी दानबहादुर कार्कीको नयाँ गीत सार्वजनिक भएको छ । कार्कीले लेखेको 'गुन्यु चोली पटुकी' बोलको बाल गीत सार्वजनिक भएको हो । बसन्त सापकोटाको संगीतमा बाल गायिका अनुजा कँडरियाले स्वर भरेको यो गीतमा बाल कलाकार आन्भी ओलीले अभिनय गरेकी छन् । नयाँ पुस्तालाई राष्ट्रप्रेम जागृत गराउन र आफ्नो संस्कृति र भेषभुषाप्रति गौरव गराउन यो गीत लेखेको एआइजी कार्कीले बताए ।




# राष्ट्रिय लोकदोहोरी आइडलको उपाधि सुमनलाई



■ प्रभाव संवाददाता

**काठमाडौं** – सांस्कृतिक समाज नेपालद्वारा आयोजित 'राष्ट्रिय लोकदोहोरी आइडल २०८२'मा पोखराका सुमन खड्का विजेता भएका छन् ।

काठमाडौंको नेपाल पुलिस क्लब, भृकुटीमण्डपमा सम्पन्न प्रतियोगितामा पोखरा गाउँबेसी रोधिघरका कलाकार सुमन खड्काले उपाधि जितेका हुन्। उपाधिसहित उनले मोटरसाइकल , नगद ३३,३३३, ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् । त्यस्तै सालघारी दोहोरी साँझकी सँगिना थापा मगर दोस्रो भइन् । उनले स्कुटर, नगद २२,२२२, ट्रफी र प्रमाणपत्र पाइन् ।

कार्यक्रममा अन्य १० उत्कृष्ट कलाकारहरूलाई विभिन्न विधामा नगद रु १५५५, ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो।देशभरिका ६९ दोहोरी साँझहरूबाट प्रतिनिधित्व गर्दै आएका प्रतियोगिताबाट १६ जना कलाकार नेपाल प्रीमियर लिगका लागि छनोट भएका छन् ।

कार्यक्रममा विशिष्ट निर्णायकको रूपमा तेजबहादुर केसी र प्राज्ञ दुर्गा रायमाझी थिए । त्यतै निर्णायक मण्डलमा सुवास केसी, राजु ढकाल, प्रचण्ड जिसी, जीवन दाहाल, दीपक खड्का, दुर्गा गुरुङ, कोपिला गौतम, सत्यकला राई तथा निर्णायक सहयोगीको रूपमा भरत बाराकोटी र प्रेम शर्मा थिए ।

पहिलो पटक आयोजना गरेको कार्यक्रमले देशभरि लोक दोहोरी र लोक सङ्गीतको सम्भावना उजागर गर्न ठुलो भूमिका खेलेको सांस्कृतिक समाज नेपालका अध्यक्ष रामप्रसाद अवस्थीले जानकारी दिए । सांस्कृतिक समाज नेपालले यसअघि पनि विभिन्न सृजनशील कार्यक्रमको आयोजना गर्दै आइरहेको छ ।

# बोस्टनको 'रोयल बोस्टन' हलमा नेपथ्य

■ प्रभाव संवाददाता

**काठमाडौं**– कन्सर्ट चल्दाचल्दै एक दर्शकले राष्ट्रिय झन्डा मञ्चमा हुत्याइदिए । गाउँदा गाउँदैका अमृत गुरुङले त्यसलाई माथि उठाएर हेरे । त्यस झन्डामा केही कोरिएको देखिन्थ्यो ।

'यो रातो र चन्द्रसूर्यलाई जहिले पनि सम्मानले व्यवहार गरौं,' त्यस झन्डालाई काँधमा ओढ्दै अमृतले भने, 'हाम्रो झन्डामा कसैले पनि दाग लगाउन नपाओस् ।' यति भन्नासाथ पूरै हल दर्शकको ताली र कोलाहलले गुन्जियो । उता अमृत भने फेरि पूर्ववत् गाउन सुरु गरे । सात वर्षपछि बोस्टनको उही हल 'रोयल बोस्टन' मा उपस्थित हुँदा नेपथ्यका दर्शकका निम्ति धेरै कुरा बदलिइसकेको थियो । स्वयं मुख्य प्रस्तोता अमृतका बाँधिएका कपाल पनि सेताम्य देखिन थालिसकेका थिए ।

'तर नेपथ्य झन्पछि झन् ऊर्जाशील बन्दै गएको छ,' दर्शक गौरव थपलिया भनिरहेका थिए, 'हल भित्रको माहोलले पहिलेभन्दा अझ बढी तरङ्गित बनाएको महसुस भयो ।'

हेटौँडाबाट १७ वर्षअघि बोस्टन आएका थपलिया कन्सर्टमा सपत्नी उपस्थित थिए । हेटौँडामा सन् २००२ र २००३, न्युयोर्कमा २०१५ र बोस्टनमै सन् २०१८ मा नेपथ्यको कन्सर्ट हेरिसकेका गौरवले यसपटकको अनुभव सुनाए, 'ब्यान्डले यसपटक फेरि नयाँ उचाइ समातेको महसुस गरें ।' संयोगले अमेरिकामा नेपथ्य यतिखेर आफूलाई सातौं पटक प्रस्तुत गर्दै छ भने पोहोर सालजस्तै यसपाला पनि यो शृङ्खलाबद्ध यात्रामा सात वटा सहर अटाएका छन् ।

बोस्टनमा निर्धारित समयअनुसारै बेलुकीको ठिक ७ बजे ढोका खोलिएको



थियो भने ठिक ८ बजे शो सुरु भएको थियो । त्यसलगत्तै मञ्चमा उपस्थित नेपथ्यका छ सदस्यले दुई घण्टासम्मै दर्शकलाई लोकरकको स्वादमा डुबाइरहे ।

'भाषा नै नबुझ्ने मान्छेलाई नेपाली साथीहरूले कन्सर्ट हेर्न जाऔं भन्दा पहिले त अलमल परेकी थिएँ,' फिलिपिन्सबाट आएर बोस्टनमा स्नातक अध्ययन गरिरहेकी अमान्डा रोक्सेन याप भन्दै थिइन्, 'रमाइलो लाग्यो । नआएको भए छुटाउने रहेछु ।' अब भने नेपाली कन्सर्टमा जान अलमल नमान्ने बताउँदै उनले बरु थप नेपाली गीत-सङ्गीत खोजेर सुन्ने जानकारी पनि दिइन् ।

एक महिना पहिले टेक्सासको राजधानी अस्टिनबाट सुरु भएको यस वर्षको नेपथ्य यात्रा सियाटल, लस एन्जलस, पिट्सबर्ग हुँदै गत साता सिकागोमा प्रस्तुत भएपछि छैटौं शोका निम्ति बोस्टन आएको थियो ।

कन्सर्टमा सधैंजस्तै गायक अमृतले नेपाल र नेपालीपनसँग दर्शकलाई जोड्न भरमग्दुर प्रयत्न गरिरहे । उनले सामाजिक जागरण र मानवताका भावनामा पनि उत्तिकै जोड दिएका थिए ।

भर्खरका उमेरदेखि विदेशी साथीहरूलाई लिएर आएका दर्शकको रंगीबिरंगी भीडमा परिपक्व उमेरका नेपाली पनि उत्तिकै थिए । हलमा ८० वर्षीया नन्दकुमारी धिताल पनि रमाइरहेकी देखिन्थिन् । उनी थिइन् धुलिखेलबाट बोस्टन आई रेस्टुरेन्ट व्यवसाय चलाइरहेका राम धितालकी आमा ।

'यो कन्सर्ट सबैका लागि रमाइलो हुन्छ भन्ने सुनेर आमालाई पनि लिएर आएको हुँ,' पहिलोपटक नेपथ्य कन्सर्ट हेर्दै गरेका राम भन्दै थिए, 'यहाँ परिवारका सबै एकसाथ रमाउन पाइयो ।'

'कोशीको पानी' बाट सुरु भएको कन्सर्ट 'भैंडाको ऊनजस्तो', 'छेक्यो छेक्यो', 'जोमसोमे बजार', 'उडायो रेलैले' हुँदै अघि बढेको थियो। कन्सर्टमा ब्यान्डका लोकप्रिय गीतहरू 'रेश्शम्' र 'तालको पानी' प्रस्तुत गरिँदा दर्शक असाध्यै उत्साहित देखिन्थे ।

'शिरफूल शिरैमा' गाउँदै गर्दा अमृतले नेपालका गाउँबस्तीको सुन्दरता बयान गरेका थिए भने कर्णाली भेगको नयाँ गीत 'कर्नालीका छाइला' पनि गाएर सुनाएका थिए । अन्तिममा अमृतले राष्ट्रिय भावनाका गीतहरू 'गाउँ-गाउँबाट उठ' र 'रातो र चन्द्रसूर्जे' सुनाएर दर्शकसँग बिदा लिए । मञ्चमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गिटारमा सुविन शाक्य, गिटारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए ।

## रंगशाला

प्रचण्ड कप भलिबल

# पुलिसलाई हराउँदै एपिएफ च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं**– विभागीय डर्बीमा नेपाल पुलिस क्लबलाई सहजै पराजित गर्दै एपिएफ क्लबले प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि हात पारेको छ ।

पोखरा रंगशालास्थित कभर्डहलमा शनिबार सम्पन्न खेलमा एपिएफ ३-० को सोझो सेटमा विजयी भएको हो । योसँगै एपिएफले ६ लाख रूपैयाँ प्राप्त गरेको छ । पुलिसले भने ३ लाख रूपैयाँमा चित्त बुझाएको छ । फाइनल पुग्दासम्म अपराजित रहेको पुलिसले निर्णायक खेलमा भने उक्त लय कायम राख्न सकेन । पहिलो सेट केही प्रतिस्पर्धात्मक भएको थियो । एक समय खेल १८-१६ को स्थितिमा थियो । तर, पुलिसले ३ अंक मात्रै थप्न सक्यो । एपिएफले भने उत्कृष्ट प्रदर्शन गर्दै सेट २५-१९ ले आफ्नो बनायो ।

दोस्रो सेटमा पुलिसले पुनरागमन गर्ने संकेत देखाएको थियो । तर, निरुता ठगुन्नाको अट्याक र एपिएफको डिफेन्ससामु पुलिस पुनः निरिह बन्यो । उक्त सेट पनि एपिएफले २५-२० ले आफ्नो बनायो । योसँगै खेलमा एपिएफले २-० को अग्रता लिइसकेको थियो । त्यसपछि पुलिसले पुनरागमन गर्ने आशा मार्‍यो ।

तेस्रो तथा अन्तिम सेटमा एपिएफले २५-११ ले जित हात पार्‍यो । शनिबार नै तेस्रो स्थानका लागि भएको खेलमा न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबले एभरेस्ट भलिबल क्लबलाई ३-० को सेटमा पराजित गरेको थियो । न्यु डायमन्डले १ लाख रूपैयाँ हात पार्‍यो । फाइनल पुग्न एपिएफले न्यु डायमन्ड र पुलिसले एभरेस्टलाई समान ३-० को सेटमा पाखा लगाएका थिए ।

### निरुता सर्वोत्कृष्ट खेलाडी

विभागीय टोली क्लबकी स्पाइकर निरुता ठगुन्ना प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भएकी छन् । उनकै उत्कृष्ट प्रदर्शनमा एपिएफले समूह चरणमा स्टेप रामपुर, सेमिफाइनलमा न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब र फाइनलमा नेपाल पुलिस क्लबलाई समान ३-० को सेटमा पराजित गर्दै उपाधि जितेको थियो । योसँगै उनले नगद ३० हजार रूपैयाँसमेत हात पारिन् ।

### उत्कृष्ट लिब्रो सलिना

न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबकी सलिना श्रेष्ठ प्रतियोगिताको उत्कृष्ट लिब्रो घोषित भएकी छन् । उनकै कप्तानीमा न्यु डायमन्डले तेस्रो स्थान हात पारेको थियो । उनले २० हजार रूपैयाँ हात पारिन् ।

### पुलिसकी उषा उत्कृष्ट स्पाइकर

विभागीय टोली नेपाल पुलिस क्लबकी उषा भण्डारी प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उत्कृष्ट स्पाइकर घोषित भएकी छन् । योसँगै उषाले २० हजार रूपैयाँ प्राप्त गरेकी छन् ।

### न्यु डायमन्डकी सुमित्रा उत्कृष्ट मिडल ब्लकर

न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबकी सुमित्रा रेग्मी प्रतियोगिताको उत्कृष्ट मिडल ब्लकर घोषित भएकी छन् । सेमिफाइनलमा एपिएफ क्लबसँग ३-० ले पराजित हुँदा न्यु डायमन्डले तेस्रो स्थानका लागि खेलेको थियो । योसँगै सुमित्राले २० हजार रूपैयाँ प्राप्त गरेकी छन् ।

# दक्षिण अफ्रिकाले जित्यो विश्व टेस्ट च्याम्पियनसिप




■ प्रभाव संवाददाता

**काठमाडौं**– अस्ट्रेलियालाई पाँच विकेटले पराजित गर्दै दक्षिण अफ्रिकाले विश्व टेस्ट च्याम्पियनसिप २०२३-२५ को उपाधि जितेको छ ।

लड्र्समा खेलिएको अन्तिम खेलमा दक्षिण अफ्रिकाले टस जितेर डिफेन्डिङ च्याम्पियन अस्ट्रेलियालाई पहिले ब्याटिङको लागि आमन्त्रित गरेको थियो । पहिलो इनिङ्समा अस्ट्रेलियाले ब्यू वेबस्टर र स्टिभ स्मिथको अर्धशतकीय इनिङ्सको मद्दतले २१२ रन बनाएको थियो । यस क्रममा कागिसो रबाडाले कुल पाँच विकेट लिए ।

यससँगै दक्षिण अफ्रिकाको पहिलो इनिङ्स १३८ रनमा समाप्त भयो, जसले अस्ट्रेलियालाई ७४ रनको अग्रता दियो । यस क्रममा कप्तान प्याट कमिन्सले कुल छ विकेट लिए । मिचेल स्टार्कको अविजित अर्धशतकको मद्दतले अस्ट्रेलियाले दोस्रो इनिङ्समा २०७ रन बनाएको थियो र कुल २८१ रनको अग्रता लिएको थियो ।

२८२ रनको लक्ष्य पछ्याउँदै दक्षिण अफ्रिकाले चौथो दिन एडेन मार्करामको अविजित शतक र कप्तान टेम्बा बाभुमाको अर्धशतकको आधारमा पाँच विकेट गुमाएर २८२ रन बनायो र उपाधि जित्यो । दक्षिण अफ्रिका विश्व टेस्ट च्याम्पियनसिपको उपाधि जित्ने तेस्रो टोली हो । यसअघि अस्ट्रेलियाले २०२१-२३ सिजनको उपाधि जितेको थियो । उही समयमा, न्युजिल्यान्डले भारतलाई हराउँदै २०१९-२१ सिजनको उपाधि जितेको थियो ।



चीनको पूर्वी शानडोङ प्रान्तको बिन्भ्काउमा रहेको हुआनेङ बिन्भ्काउ नयाँ ऊर्जा उत्पादन परियोजनामा जडित सौर्य प्यानल र एयर टर्बाइनहरूको दृश्य । *तस्बिरः एएफपी*

# युक्रेन र रूसबीच थप युद्धबन्दी आदानप्रदान

**किएभ–** युक्रेन र रुसले यसै महिनाको सुरुमा इस्तानबुलमा भएको सम्झौताअनुसार थप युद्धबन्दीको आदानप्रदान गरेका छन् । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सामाजिक सञ्जालमा लेखेका छन्, 'हामी हाम्रा मानिसहरूलाई रूसी कैदबाट बाहिर निकालिरहेका छौं । यो एक हप्तामा चौथो आदानप्रदान हो ।'



यसैगरी रुसी रक्षा मन्त्रालयले टेलिग्राममा भनेको छ, 'रुस-युक्रेन सम्झौताअनुसार रुसी सैनिकहरूको अर्को समूहलाई किएभ प्रशासनको नियन्त्रणमा रहेको क्षेत्रबाट फिर्ता गरिएको छ ।'

आदानप्रदानअन्तर्गत किएभले रुसबाट एक हजार २०० अज्ञात व्यक्तिहरूको शव प्राप्त गरेको पनि बताएको छ । रुसले इस्तानबुल सम्झौताको एक भागको रूपमा ती शवहरू हस्तान्तरण गरेको र ती 'युक्रेनी सैन्य कर्मीसहित नागरिकहरूको भएको' दाबी गरेको छ ।

युक्रेनले रुसलाई कुनै शव फिर्ता गर्ने वा नगर्ने भन्नेबारे केही बताएको छैन । टेलिग्राममा जेलेन्स्कीले पोस्ट गरेको तस्बिरमा ती शवहरू विभिन्न उमेरका पुरुषहरू, प्रायःजसो मुण्डन गरिएका, छद्म भेषधारण गरेका र युक्रेनी झण्डामा लपेटिएका व्यक्तिको रूपमा देखाइएको छ ।

बन्दीको आदानप्रदानअन्तर्गत स्वदेश फर्केका युक्रेनीहरूले आफूले स्वदेश फर्की आफन्त भेट्दा कोही बलिन्द्रधारा आँसु चुहाएर रोए, कोही बसबाट ओर्लेर स्वागत गर्नेहरूलाई अँगालो हाले वा कसैलाई फोन गरेर बेलाबेला अनुहार छोपेर मुसुक्क हाँसेको देखिन्थ्यो ।

मस्कोको रक्षा मन्त्रालयले सार्वजनिक गरेको आफ्नै भिडियोमा रुसी झण्डा बोकेका व्यक्तिहरूले ताली बजाएर 'रुस, रुस,' 'रुसको महिमा,' 'हुर्रे' भन्दै खुसियाली व्यक्त गर्दै नारा लगाएका थिए ।

रुसले पटक-पटक युद्धविरामको आह्वानलाई अस्वीकार गरेको र अग्रपंक्तिमा र विशेषगरी उत्तरपूर्वी सुमी क्षेत्रमा आक्रमण तीव्र पारेपछि यो आदानप्रदान भएको हो, जहाँ उसले आफ्नो कुर्स्क क्षेत्रको सुरक्षाका लागि 'मध्यवर्ती क्षेत्र (बफर जोन) स्थापना गर्न खोजेको छ । उक्त क्षेत्र पहिले युक्रेनको आंशिक कब्जामा गएको थियो ।

जेलेन्स्कीले सुमीमाथि रुसको अग्रगमन रोकेको दाबी गर्दै किएभको सेनाले एउटा गाउँ पुनः कब्जा गर्न सफल भएको बताए । युक्रेनी राष्ट्रपतिका अनुसार रुसले सुमी कारबाहीमा ५३ हजार सेना तथा लडाकुको प्रयोग गरेको थियो । *रासस/एएफपी*

## वुटिप टाइफुनका कारण भियतनाममा तीन जनाको मृत्यु

**हनोई–** वुटिप टाइफुनका कारण मध्य भियतनाममा आएको बाढीमा परी तीन जनाको मृत्यु भएको भियतनाम समाचार एजेन्सीले शनिबार जनाएको छ ।

एजेन्सीका अनुसार बाढीमा क्वाङ त्रि प्रान्तको ट्रिउ फोङ जिल्लामा दुई जनाको मृत्यु भएको छ भने हाइ लाङ जिल्लामा एक जनाको डुबेर मृत्यु भएको छ । छिमेकी क्वाङ बिन्ह प्रान्तमा उद्धार टोलीले मौसमको अवस्था अनुसार अपरेसन विस्तार जारी राखेको र अझै चारजना बेपत्ता रहेको जनाएका छन् ।

एजेन्सीका अनुसार बाढीले २१ हजार हेक्टरभन्दा बढी धानको खेत, हजारौं हेक्टर तरकारी खेती डुबानमा परेको जनाइएको छ । बाढीले घरहरू पनि डुबानमा पारेको ट्राफिक अवरुद्ध भएता पनि नदीको सतह बिस्तारै घट्दै गएको जनाइएको छ । *रासस/सिन्ह्वा*

## टेक्सासमा बाढीका कारण दश जनाको मृत्यु

**वासिङ्टन–** दक्षिणी अमेरिकी राज्य टेक्सासमा भारी वर्षापछि आएको बाढीका कारण १० जनाको मृत्यु भएको छ । साथै धेरै व्यक्तिहरू बेपत्ता भएको अधिकारीहरूले जनाएका छन् ।

केएनएसका अनुसार टेक्सासको सान एन्टोनियो सहरमा वर्षापछि सडकहरूमा बाढी आउँदा सवारीसाधनहरू समेत अवरुद्ध भएको जनाइएको छ । सान एन्टोनियो फायर विभागले पीडितहरूको खोजी गरिरहेको जनाइएको छ ।

यो समाचार तयार पार्दासम्म मृतकको संख्या १० पुगेको सहरका अधिकारीहरूले पुष्टि गरेका छन् । सान एन्टोनियो मेयर रोन निरेनबर्गले सामाजिक सञ्जाल एक्समा बाढीमा ज्यान गुमाएका हरूको खोजी जारी राख्ने बताएका छन् ।

सहरका अधिकारीहरूले बाढी प्रभावितको उद्धार र अनुसन्धान भइरहेको बताएका छन् । वैज्ञानिकहरूले लामो समयदेखि मानव निर्मित जीवाश्म इन्धन उत्सर्जनद्वारा सञ्चालित जलवायु परिवर्तनले उच्च वर्षाजस्ता चरम मौसम घटनाहरूको सम्भावना बढाइरहेको चेतावनी दिएका छन् । *रासस/एएफपी*

## दक्षिण अफ्रिकामा बाढीका कारण मृत्यु हुनेको संख्या ८६ पुग्यो

**जोहानेसबर्ग–** दक्षिण अफ्रिकाको पूर्वी केप प्रान्तमा भारी वर्षापछि आएको बाढीका कारण ८६ जनाको मृत्यु भएको तथा थप पीडितहरूलाई उद्धार गरिइएको शनिबार उद्धार टोलीले जनाएका छन् ।

राष्ट्रपति सिरिल रामाफोसाले शुक्रबार प्रभावित प्रान्तको भ्रमण गरी जलवायु परिवर्तनका कारण विनासकारी प्रकोपको सामना गर्नु परेको बताएका छन् । भारी वर्षाले पूर्वी केपमा पानी चार मिटर भन्दा बढी उचाइमा पुगेको अनुमान गरिएको जनाइएको छ । बाढीको कारण हजारौं घर, सडक, विद्यालय तथा स्वास्थ्य सुविधाहरू डुबेको बताइएको छ ।

बाढी र त्यसपछिको पहिरोबाट माथा सहर सबैभन्दा बढी प्रभावित थियो जुन रंगभेद विरोधी पूर्वराष्ट्रपति स्वर्गीय नेल्सन मण्डेलाको जन्मस्थल कुनु गाउँनजिकै छ । राति पानी घरभित्र पसेपछि मानिसहरू घरभित्र फसेका शवको बरामद तथा जीवितहरूको उद्धार गरेको उद्धारकर्ताहरूले बताएका छन् ।

मृतकमध्ये कम्तीमा छ जना बालबालिका र तीन जना वयस्कहरू बाढीमा बगाएको स्कुल बसमा रहेको जनाइएको छ । शनिबार रुखमा टाँसिएर बसेका तीनजना विद्यार्थीलाई उद्धार गरिएको र चारजना अझै बेपत्ता रहेको जनाइएको छ । हरित जलवायु कोषका अनुसार दक्षिण अफ्रिका जलवायु परिवर्तनशीलता र परिवर्तनको प्रभावबाट अत्यधिक जोखिममा छ, जसले चरम मौसमको आवृत्ति र गम्भीरता बढाउँछ । *रासस/एएफपी*

# इरानद्वारा इजरायलमा जवाफी आक्रमण



**तेहरान–** इस्लामिक गणतन्त्र इरानको आणविक र सैन्य सुविधालाई लक्षित गरी इजरायलले गरेको आक्रमणपछि इरानले शनिबार इजरायलमा जवाफी आक्रमण गरेको छ ।

शनिबार इजरायली सेनाले बासिन्दाहरूलाई सुरक्षित आश्रयमा शरण लिन आह्वान गर्दै इरानबाट दर्जनौं क्षेप्यास्त्र प्रहार गरिएको बताएको छ । इरानको 'रिभोलुसनरी गार्ड'ले इजरायलका दर्जनौं लक्ष्यहरूमा आक्रमण गर्दा तेल अभिभको डाउनटाउनका भवनहरूमाथि धुवाँ उडिरहेको एएफपीले जनाएको छ ।

इजरायली अग्निशमन सेवाले आफ्नो टोलीहरूले इरानी क्षेप्यास्त्र आक्रमणको प्रतिक्रियामा प्रतिक्रिया दिँदै भवनमा फसेका मानिसहरूलाई उद्धार गर्ने काम गरिरहेको बताएको छ । इजरायली मिडिया रिपोर्टका अनुसार गुस दान क्षेत्रबाट ३४ जना घाइतेहरूको उद्धार गरेको उद्धारकर्ताहरूले बताएका छन् । उनीहरूका अनुसार तीमध्ये एक महिलाको उपचारको क्रममा मृत्यु भएको थियो ।

इरानको राजधानी तेहरानमा शनिबार मेहराबाद विमानस्थलबाट आगो र भारी धुवाँ निस्किएको एएफपीले जनाएको छ भने स्थानीय मिडियाले उक्त क्षेत्रमा विष्फोट भएको रिपोर्ट गरेका छन् । यसअघि इरानले आफ्नो हवाई रक्षा प्रणाली सक्रिय गरेको र राजधानीभरि विष्फोटको आवाज सुनिएको बताएको थियो ।

दर्जनौं मानिसहरू आफ्नो देशको सैन्य प्रतिक्रियालाई उत्साहित गर्न तेहरानको सडकमा राष्ट्रिय झण्डा फहराउदै इजरायल विरोधी नारा लगाएको जनाइएको छ । संयुक्त राष्ट्रसंघका लागि इरानी राजदूतले शुक्रबार इजरायलले गरेको आक्रमणमा ७८ जनाको मृत्यु हुनुका साथै ३२० जना घाइते भएको बताएका छन् । आक्रमणपछि संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेर्रेसले दुई राष्ट्रलाई युद्धविराम गर्न आह्वान गरेका छन् । उनले सामाजिक सञ्जाल एक्समार्फत युद्ध रोक्ने समय आएकाले कूटनीतिक समाधानको बाटोमा जानुपर्ने बताएका छन् । *रासस/एएफपी*

## इजरायलविरूद्ध तत्काल कदम चाल्न इरानद्वारा संयुक्त राष्ट्रसंघलाई आह्वान

**तेहरान–** इरानी विदेशमन्त्री अब्बास अराघचीले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेससँग फोन वार्तामा द्वन्द्व उक्साएकोमा इजरायली सेनाविरुद्ध तत्काल कारबाही गर्न आग्रह गरेका छन् ।

फोन वार्तामा अराघचीले इजरायली आक्रमणले इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको अधिकारमाथि प्रहार गरेको उल्लेख गरेका छन् । यसलाई उनले आफ्नो देशविरुद्धको स्पष्ट आक्रमणको रूपमा वर्णन गर्दै राष्ट्रसंघको बडापत्रको धारा-५१ अनुसार आफ्नो रक्षा गर्ने तेहरानको संकल्पलाई पुष्टि गरेका छन् ।

उनले राष्ट्रसंघीय सुरक्षा परिषद् तथा समग्र संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने कुरामा जोड दिँदै आक्रमणको कडा निन्दा गरेका छन् । इरानमा भएको आक्रमणका लागि इजरायललाई जवाफदेही बनाउन तत्काल ठोस कदम चाल्नुपर्नेसमेत उनले बताएका छन् ।

तेहरान र वासिङ्टनबीच वार्ता चलिरहेको समयमा इरानी आणविक सुविधाहरूलाई लक्षित गरी गरिएको आक्रमणको राष्ट्रसंघीय महामसचिव गुटेर्रेसले निन्दा गरेका छन् । उनले तनावको वृद्धि रोकी यस क्षेत्रमा शान्ति र स्थिरता पुनर्स्थापना गर्न संयुक्त राष्ट्रसंघको पूर्ण क्षमता प्रयोग गर्ने बताएका छन् । *रासस/क्युएनए*

## इरानमा सैन्य दुस्साहस रोक्न इजरायललाई चीनको आग्रह

**संयुक्त राष्ट्रसंघ–** चिनियाँ राजदूतले इजरायललाई इरानमा आफ्नो सैन्य दुस्साहस तुरुन्तै बन्द गर्न शुक्रबार आग्रह गरेका छन् ।

'शुक्रबार इजरायलले इरानमा आक्रमण गरी इरानको आणविक सुविधाहरूलाई क्षति पुर्‍यायो । इरानको सार्वभौमिकता, सुरक्षा र क्षेत्रीय अखण्डता उल्लंघन गर्ने इजरायलको कार्यको चीनले निन्दा गर्दछ,' संयुक्त राष्ट्रका लागि चीनका स्थायी प्रतिनिधि फु कंगले भने ।

चीन तनाव र द्वन्द्वको विस्तारको विरोधमा भएको जनाउँदै उनले इजरायली अपरेसनको परिणामको बारेमा चिन्तित रहेको सुरक्षा परिषद्को आपत्कालीन बैठकमा बताए ।

द्वन्द्वको वृद्धिले कसैको हितमा काम नगर्ने बताउँदै इजरायललाई तत्काल सबै सैन्य दुस्साहस बन्द गर्न र थप तनावबाट बच्न आग्रह गरेका छन् । उनले चीनको पक्षबाट सम्बन्धित पक्षहरूलाई राष्ट्रसंघको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको पालना गर्न र कूटनीतिक माध्यमबाट विवाद समाधान गर्न र क्षेत्रीय शान्ति र स्थिरता कायम गर्न आह्वान गरे ।

हालको घटनाक्रमको नकारात्मक प्रभावबारे चिन्ता व्यक्त गर्दै चीन सधैं वार्ताको माध्यमबाट इरानको आणविक सवाललाई शान्तिपूर्ण समाधान गर्न प्रतिबद्ध रही आक्रमणको विरोध गरेको उनले बताए । आणविक सन्धिको एक पक्षको रूपमा इरानको आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोगको अधिकारलाई पूर्णरूपमा सम्मान गर्नुपर्ने उनले उल्लेख गरे ।

उनले इजरायलमाथि प्रभाव भएका देशहरूले रचनात्मक भूमिका खेल्नुपर्ने र सुरक्षा परिषद्ले आफ्ना प्रस्तावको कार्यान्वयन सुनिश्चित गरी शान्ति कायम गर्ने बडापत्रमा लिपिबद्ध माध्यमहरू प्रयोग गर्नुपर्ने बताएका छन् । *रासस/सिन्ह्वा*

## इजरायल-इरान तनावले आफ्नो लागि सैन्य सहायता नघट्ने युक्रेनको अपेक्षा

**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले इजरायल र इरानबीचको तनावका कारण किएभलाई दिइने सैन्य सहायतामा कमी नआउने विश्वास व्यक्त गरेका छन् ।



'हामी युक्रेनलाई दिइने सहयोग यसबाट कम नहोस् भन्ने चाहन्छौं,' उनले भने । पछिल्लोपटक युक्रेनलाई सहायता कम गर्न कारक बनेको इजरायल र अरब राष्ट्रको सैन्य तनाब पनि एक कारक बनेको थियो । इजरायलले शुक्रबार इरानमाथि आणविक तथा सैन्य संयन्त्रका साथै उच्च पदस्थ जनरल र आणविक वैज्ञानिकलाई लक्षित गरी ठूलो मात्रामा आक्रमण गरेको थियो ।

इरानमाथिको आक्रमणले तेलको मूल्यमा वृद्धि भएको र यसले रुसलाई फाइदा पुग्ने जेलेन्स्कीले बताएका छन् । 'आक्रमणका कारण तेलको मूल्यमा तीव्र वृद्धि भयो । यो हाम्रो लागि नराम्रो हो,' रूसी तेल निर्यातमा मूल्य सीमा लागू गर्न आह्वान गर्दै उनले थपे ।

उनले निकट भविष्यमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग सम्भावित बैठकमा मूल्य सीमाको मुद्दा उठाउने बताए । यद्यपि, इजरायली आक्रमणहरूले तेहरानबाट मस्कोलाई सैन्य उपकरण आपूर्तिमा कमी ल्याउँछ भने यो किएभका लागि पनि अनुकूल हुनसक्छ । रूसले युक्रेनविरूद्धको लडाइँमा इरानमा निर्मित ड्रोन र उत्तर कोरियाली जनशक्तिको व्यापक प्रयोग गरेको दाबी युक्रेन र उसका पश्चिमी सहयोगीहरूले गरेका छन् ।

युक्रेनी नेताले वासिङ्टनको संलग्नताबिना युरोपको समर्थन रोकिने चेतावनी पनि दिए । 'यदि अमेरिकाको संलग्नता छैन भने युक्रेनलाई दिने सहयोग के गर्ने भनेर युरोपले अहिलेसम्म निर्णय गरिसकेको छैन,' उनले भने । उनले रुससँगको वार्तामा 'दृष्टिकोण परिवर्तन' गर्न अमेरिकालाई आग्रह गर्दै अहिले अमेरिकाको रूससँगको सम्बन्ध 'धेरै न्यानो' भएको र यसले युद्ध अन्त्य गर्न सहयोग नगर्ने चेतावनी दिए । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९७१०० | प्रति तोला – ० | प्रति तोला – २१६५ |



**चैत धान थन्क्याइँदै** | मोरङको बेलबारी–११ लक्ष्मीमार्गमा चैते धान थन्क्याउँदै किसान । यस क्षेत्रमा चैते धान थन्क्याएपछि अब असारको अन्तिममा पुनः धान खेती गरिन्छ । *तस्बिर : विवेक मिश्र/रासस*

# खाद्यवस्तुको मूल्य १० प्रतिशतले घट्ने प्रक्षेपण

■ प्रभाव संवाददाता




**काठमाडौं–** सन् २०२५ मा विभिन्न खाद्य वस्तुहरूको मूल्य १० प्रतिशत सम्मले घट्न सक्ने विश्व बैंकले बताएको छ ।

विश्व बैंकले यसैसाता सार्वजनिक गरेको ग्लोबल 'इकोनोमिक प्रस्पेक्ट' प्रतिवेदनले बढ्दो व्यापार अवरोध र नीतिगत अनिश्चितताका बीचमा कमजोर आर्थिक वृद्धिका सम्भावनाहरूका कारणले गर्दा वस्तुको मूल्य घट्ने उल्लेख गरेको छ । 'वार्षिक औसत वस्तुका मूल्यहरू २०२५ मा १० प्रतिशतले घट्ने अपेक्षा गरिएको छ । २०२६ मा वस्तुको मूल्यहरू अझ ६ प्रतिशतले कम हुने अनुमान गरिएको छ,' प्रतिवेदनमा उल्लेख छ।

अबका दिनमा केही ऊर्जा र धातुगत वस्तुहरूको उत्पादन विस्तार हुने र अधिकांश कृषि वस्तुहरूमा आपूर्ति अवरोधहरू कम हुनसक्ने भएकाले यस्तो सम्भावना देखिएको विश्व बैंकले जनाएको छ।

वस्तुको मूल्यमा हुनसक्ने जोखिम प्रक्षेपणहरू घट्दो दिशामा रहेको बताइएको छ । प्रमुख अर्थतन्त्रहरू बीच व्यापार तनावको नवीकरण वृद्धिले विश्वव्यापी व्यापार र लगानीलाई अझ कमजोर बनाउन सक्ने भएकोले गर्दा वस्तुको मागलाई कमजोर बनाउने अपेक्षा गरिएको छ ।

पेट्रोलियम पदार्थ निर्यातकर्ता मुलुकहरूले तेल उत्पादनमा अपेक्षाकृत तीव्र वृद्धि गरेपछि गत अप्रिलको सुरुवातमा तेलको मूल्यमा अचानक गिरावट आएको थियो । कच्चा तेलको मूल्य यस वर्ष प्रति ब्यारेल औसत ४६६ अमेरिकी डलर र अर्को वर्ष प्रति ब्यारेल ४६१ डलर हुने अनुमान गरिएको छ । जसले गर्दा कृषि वस्तुको मूल्य यस वर्ष थोरै परिवर्तन हुने र २०२६-२७ मा अझ घट्ने अनुमान गरिएको छ ।

'विश्वमा आंशिक रूपमा बढ्दो चामलको भण्डार र उच्च भटमास उत्पादनको कारणले गर्दा खाद्य वस्तुको मूल्यमागिरावट आउने प्रतिवदेनमा उल्लेख छ । साथै आंशिक रूपमा मकैबाट उत्पादन हुने इथानोल तेलको माग समेत घट्न सक्ने भएकाले मकैको मूल्य समेत घट्ने अनुमान गरिएको छ । सन् २०२६-२७ मा पेय पदार्थको मूल्य सामान्य हुन थाल्ने अपेक्षा गरिएको छ। खाद्य मूल्यहरू व्यापक रूपमा स्थिर रहनेछन्, जसले गर्दा समग्र कृषि मूल्यहरू थोरै कम हुने अनुमान गरिएको छ,' प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी बहुमूल्य धातु बाहेक अन्य सम्पूर्ण धातु सूचकांक २०२५ मा ५ प्रतिशतले घट्ने र २०२६ मा स्थिर हुनुअघि घट्ने अनुमान गरिएको छ । धेरैजसो आधारभूत धातुहरूको मूल्यहरू यस वर्ष घट्ने तय गरिएको छ, जसले विश्वव्यापी उत्पादनमा व्यापार-सम्बन्धित असरहरू प्रतिबिम्बित गर्दछ ।

# विद्युत् कटौतीले वीरगञ्जबासी आजित

**वीरगञ्ज (पर्सा)–** औद्योगिक तथा व्यापारिक नगरी वीरगञ्जमा पटकपटक विद्युत् कटौती हुने समस्याबाट सर्वसाधारण आजित भएका छन् । चर्को गर्मीका कारणले आत्तिएका सर्वसाधारण बारम्बार विद्युत् आपूर्तिमा समस्या आउँदा जनजीवन प्रभावित भएको छ ।

वीरगञ्ज महानगर क्षेत्र र ग्रामीण क्षेत्रमा अनियमित ढङ्गले विद्युत् विच्छेद हुँदा सर्वसाधारणको दिनचर्या पनि अस्तव्यस्त भएको छ । वीरगञ्ज महानगर बजार क्षेत्रमा बिजुली कतिबेला आउने र जाने कुनै निश्चित छैन । नियमित बिजुली नहुँदा घरायसी र औद्योगिक विद्युत्का ग्राहक मर्कामा परेका छन् । वीरगञ्ज महानगर-६ मीनाबजारमा व्यापार गर्दै आएका परशुराम कलवारले छिनछिनमा विद्युत् कटौती हुने समस्याले निकै सकस व्यहोर्नुपरेको गुनासो गरे ।

'यहाँ तापक्रम बढेर गर्मीले उकुममुकुस भइरहेको छ । त्यसैले विद्युत् भ्याप्पभ्याप्प गएपछि त बाफिएर नै बस्नुपरेको छ', उनले भने, 'शुक्रबार बिहान सवा दुई बजेदेखि साढे तीन बजेसम्मको अवधिमा पनि डेढघण्टाभन्दा धेरै लोडसेडिङको सामना गर्नुपर्‍यो ।' उनले पर्याप्त मात्रामा विद्युत् उपलब्ध गराएर सर्वसाधारणलाई सहज ढङ्गले बस्न पाउने व्यवस्था मिलाउन प्राधिकरणलाई अनुरोध गरे ।

पछिल्लो समय वीरगञ्जमा विद्युत् कटौती धेरै हुने गरेको वीरगञ्ज-१५ बसपार्कका रितेश गुप्ताले गुनासो गरे । 'नेपालमा मनसुन भित्रिएको बताए पनि अहिलेसम्म यहाँ त पानी पर्नैसकेको छैन', उनले भने, 'गर्मीकै कारण वीरगञ्ज महानगर आसपासमा एसी तथा पंखा नचलाई बस्नै सकिँदैन । त्यसैमा विद्युत् नभएपछि त के हालत होला आफैँ बुझिहाल्नुहुन्छ नि !'

वीरगञ्जमा विद्युत् आपूर्ति घरायसी ग्राहकमा मात्रै नभएर बारा-पर्साको औद्योगिक क्षेत्रमा पनि विद्युत् कटौतीको समस्या उत्तिकै छ । औद्योगिक क्षेत्रका ग्राहकले विद्युत् नियमित पाउन सकिरहेका छैनन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपालले औद्योगिक क्षेत्रमा अघोषित विद्युत् कटौतीले उत्पादनमा समेत प्रत्यक्ष असर पार्दै आइरहेको बताए । 'औद्योगिक क्षेत्रमा पनि 'पिकआवर'मा नियमितजस्तै विद्युत् कटौती हुँदै आइरहेको छ', उनले भने, 'यदि विद्युत् उपलब्ध गराउन समस्या हो भने फिडरअनुसार विद्युत् कटौती हुने सूचना दिएको खण्डमा हामीलाई उद्योगधन्दा चलाउन पनि सहज हुने थियो ।'

वरिष्ठ उपाध्यक्ष राजपालले औद्योगिक क्षेत्रमा दैनिक छ घण्टाभन्दा धेरै विद्युत् कटौती हुँदै आइरहेको जानकारी दिए । नियमित र भरपर्दो विद्युत् आपूर्ति नहुँदा उद्योग व्यवसाय धरासायी भएको उनको भनाइ छ । उनले बारा-पर्सा औद्योगिक क्षेत्रमा दैनिक तीन-चार सय मेगावाट भए पनि पर्याप्त मात्रामा प्रसारण लाइन नहुँदा बारम्बार विद्युत् कटौती हुने समस्या भोगिरहेको बताए । नेपाल विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुबेले माग र आपूर्तिबीच सन्तुलन कायम गर्न नसक्दा बेलाबखतमा विद्युत् कटौती हुने समस्या कायमै रहेको बताए । *रासस*

# म्याग्दीमा घट्यो भिरमहको उत्पादन

**म्याग्दी (प्रस)–** म्याग्दीमा यस वर्ष भिरमह उत्पादन घटेको छ। विगतको तुलनामा ७५ प्रतिशत कम मह उत्पादन भएको मह सिकारीहरूले बताएका छन् ।

अन्नपूर्ण गाउँपालिका-५ स्वाँतका मह सिकारी लोकबहादुर पाइजाले अघिल्लो वर्ष एक हजार लिटर मह निकालिएकोमा यसपाली २०० लिटर मात्र मह उत्पादन भएको बताए । पाइजाको टोलीले स्वाँत गाउँ नजिकै रहेको छहरीभिर र छिसको टाउकोमा दुई दिन मह सिकार गरेका थिए ।

हिउँदको खडेरी र मह निकाल्ने समयमा भएको बर्सातका कारण मौरी चरन क्षेत्रमा जान नपाउँदा गोलाको मह खाएकाले उत्पादन कम भएको पाइजाले बताए । म्याग्दीको अन्नपूर्ण, रघुगंगा र धौलागिरि गाउँपालिकाको लेकाली क्षेत्रमा भिरपहरामा जेठ महिनामा मह सिकार गर्ने चलन छ ।

वसन्त र शरद् ऋतु मह सिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बैंसी र शरद्मा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । गत वर्ष दुई हजार लिटर मह निकालेको धौलागिरि गाउँपालिका-२ खोरीयाका मह सिकारी मोतीप्रसाद पाइजाको टोलीले यस वर्ष ५०० लिटर मात्र निकालेको छ ।

धौलागिरिको गुर्जा, मुदी, रघुगंगाको चिमखोला, कुइनेमंगले, अन्नपूर्णको हिस्तानमा रहेका भिरमा मह सिकार गर्न गएका सिकारी टोलीहरूले पनि मह उत्पादन घटेको बताएका छन् । खोल्साको नजिकैको ओसेपिलो ठाउँको अक्करे पहाडको बीच भागमा भिरमौरीको वासस्थान हुन्छ ।

# बजेट अभावमा खानेपानी योजना अलपत्र

■ प्रभाव संवाददाता

**पर्वत–** बजेट अभावमा दक्षिण पर्वतको विहादी गाउँपालिका-२ बर्राचौरमा निर्माणाधीन सोती 'लिफ्टिङ' खानेपानी योजना अलपत्र परेको छ ।

गण्डकी प्रदेश सरकारको रु चार करोडको लागतमा बहुवर्षीय खानेपानी योजना निर्माण सुरु भएको थियो । तीन सय घरधुरीलाई खानेपानी उपलब्ध गराउने लक्ष्यसहित आर्थिक वर्ष विसं २०७७/०७८ देखि निर्माण सुरु भए पनि पर्याप्त बजेट विनियोजन नहुँदा अलपत्र बनेको र बनेका संरचना जीर्ण बन्दै गएको विहादी गाउँपालिका-२ का अध्यक्ष गणेश शर्मा पौडेलले बताए ।

दुई वर्षमा सम्पन्न हुने भनिएको खानेपानीको योजना सम्बन्धित निकायले बजेट विनियोजनमा बेवास्ता गरेको उनको भनाइ छ । योजना सम्पन्न नहुँदा पिउने पानीका लागि गाउँलेहरू टाढाटाढा रहेका कुवा र खोलाको पानीमा भर पर्नुपरेको छ । चैतयता पानीका स्रोत पनि सुकेपछि पिउने पानी लिन दुई घण्टा धाएर कालीगण्डकी किनारमा जानुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

खानेपानी योजना पूरा नहुँदा वडा नं २ मा रहेका गैरे, सातबिसे, शेरा, ठौवा, बासकोट, कर्मीथर, आरनटोल, उपल्लो बर्राचौर, तल्लो बर्राचौरलगायत क्षेत्रमा पिउने पानीको हाहाकार परेको हो । शेरा टोल बस्ने कृषक लीलाकुमारी नेपालीले खानेपानीको हाहाकारले गर्दा स्थानीयलाई निकै सकस परेको दुखेसो पोखे । नेपालीले भने, 'एक गाग्री पिउने पानीका लागि एक घण्टा लगाएर भूपे खोला धाउनुपरेको छ, घरमा पालेका तीन वटा बाख्रा, एक भैँसी, बंगुर र राँगोलाई पानी खुवाउन समस्या परेको छ ।'

खानेपानी योजनाअन्तर्गत निर्माण गरिएका एक रिजर्भ ट्यांकी र छ वटा शाखा ट्यांकी लामो समयदेखि प्रयोगविहीन अवस्थामा छन् भने बिछ्याइएका पाइपलाइन कच्ची सडक खन्ने क्रममा क्षतविक्षत भएको स्थानीयवासीको भनाइ छ । 'एक घर, एक धारा' कार्यक्रमअन्तर्गत गाउँका केही घरधुरीमा धारा निर्माण गरिएको भए पनि पानी नआएपछि अलपत्र अवस्थामा छन् ।

बस्तीभन्दा तल रहेको कालीगण्डकी किनार नजिकै खानेपानी स्रोतबाट १०० घनमिटरको ट्यांकी निर्माण गरिएको छ भने ५० घनमिटर बराबरका पाँच वटा ट्यांकी निर्माण गरी अलपत्र छोडिएका छन् । खानेपानी योजनाको प्रमुख पाइप लाइन र शाखा पाइप लाइन विस्तारको काम पूरा गरिएको छैन । निर्माणको ठेक्का सम्झौता लिएका निर्माण व्यवसायी गिरिजाप्रसाद तिवारीले खानेपानी योजनाको काम ५० प्रतिशत पूरा गरेको बताए । बजेट विनियोजन नभएका कारण योजना पूरा गर्न नसकिएको उनको भनाइ छ ।

अहिलेसम्म रु दुई करोड बढी रकम खर्च गरिसकेको खानेपानी योजनालाई आर्थिक अभावका कारण पूरा गर्न नसकिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोती कुँवरको भनाइ छ । समितिका अध्यक्ष कुँवरले प्रदेशको खानेपानी मन्त्रालयले बर्सेनि थोरैथोरै आर्थिक बजेट विनियोजन गर्ने गरेका कारण समस्या भएको हो ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका प्रमुख किरण पौडेलले योजनाको लागत धेरै, विनियोजित बजेट थोरै हुँदा समयमै पूरा हुन नसकेको हो । उनका अनुसार चालु आर्थिक वर्षमा जम्मा रु २० लाख विनियोजन भएको थियो । उक्त रकमले धारा निर्माण, पाइपलाइन विस्तारका काम भएको बताउँदै आगामी वर्ष पूरा गर्नेगरी बजेट विनियोजन गर्न माग गरिएको बताए ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८१/०८२ को बक्यौता रकम २०८२ असार मसान्तभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ